जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १६७ • २०८० साल कार्तिक २४ गते शुक्रबार (10 November, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-



## महोत्तरीबाट सम्पर्कविहीन भएका पाँचै जना किशोरी फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीबाट सम्पर्कविहीन भएका पाँचै जना किशोरी फेला परेका छन् । धनुषाको ढल्केवरस्थित चोकमा उनीहरु फेला परेको प्रहरीले जनाएको छ ।

औरही नगरपालिका वडा नम्बर २ स्थित फूलवरिया गाउँका पाँचै जना किशोरी मंगलबार दिउँसोदेखि सम्पर्कविहीन थिए । फेला परेका पाँचै जना किशोरीलाई अभिभावकको जिम्मा लगाइ घर पठाइएको छ ।

महोत्तरीको औरही नगरपालिका २ का १६ वर्षीया बसन्ती सदा, १६ वर्षीया प्रतिमा सदा, १८ वर्षीया सङ्गीता सदा, १५ वर्षीया राजन सदा, २० वर्षीया रुबी सदा मंगलवारदेखि सम्पर्कविहीन भएका थिए ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी एवं प्रवक्ता दीपक गिरीका अनुसार ती किशोरीहरू मंगलबार बिहान ११ बजे घरबाट हिँडेको र साँझ ५ बजेसम्म घर नफर्केपछि परिवारजनले जानकारी गराएका थिए ।





> मोबाइलमा टिकटकबाट अर्केस्ट्राको पोस्टर हेरेर त्यहाँबाट नम्बर लिइ फोन गरेर ढल्केबर पुगेका थिए । उनीहरुलाई अर्केस्ट्राका व्यक्तीले ढल्केवरबाट सिरहाको मिर्चैया लगेका थिए ।

सम्पर्कविहीन रहेको किशोरीहरूको खोजतलासको क्रममा ढल्केवरमा फेला परेको पछि उनीहरुलाई इलाका प्रहरी कार्यालय गौशला महोत्तरीलाई जिम्मा लगाइएको थियो । किशोरीहरु घर बाट अर्केस्ट्रामा काम गर्ने भनी घरमा कसैलाई जानकारी नदिइ सिरहाको मिर्चैया पुगेका थिए । उनीहरुले मोबाइलमा टिकटकबाट अर्केस्ट्राको पोस्टर हेरेर त्यहाँबाट नम्बर लिइ फोन गरेर ढल्केबर पुगेका थिए । उनीहरुलाई अर्केस्ट्राका व्यक्तीले ढल्केवरबाट सिरहाको मिर्चैया लगेका थिए ।

त्यहाँ पुगे पछि किशोरीहरुलाई बुबा आमाको माया र याद आए पछि काम नगर्ने भन्न थालेपछि अर्केस्ट्राको व्यक्तिले पुनः उनीहरुलाई मिर्चैयाबाट घर फिर्ता पठाई दिएका थिए । सोही क्रममा उनीहरु ढल्केवर पुग्दा प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय गौशालालाई जिम्मा लगाएको थियो ।

गौशलाका प्रहरी निरीक्षक मनोज यादवलगायत अधिकारकर्मी तथा संचारकर्मीहरुले किशोरीहरुलाई काउन्सिलिङ गरी अभिभावकको जिम्मा लगाएका थिए ।

महोत्तरीमा यसअघि दुई पटक किशोरीहरू समूह बनाएर घरबाट हिँडेपछि प्रहरीले उद्धार गरेको थियो ।


### प्रधानमन्त्रीलाई मधेश सरकारको ३० दिने अल्टिमेटम
# अधिकार हस्तान्तरण गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसहितका मन्त्रीहरुको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहालसंग भेटेर अधिकार हस्तान्तरण गर्न ३० दिने अल्टिमेटम दिएका छन् । मुख्यमन्त्री यादवसहित मन्त्रीहरु र संसदीय दलका नेताहरुले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर संविधानको एकल सूचीमा रहेको अधिकार प्रयोग गर्न संघले रोकेर राखेको अधिकार हस्तान्तरण गर्न माग गरेका छन् ।

मुख्यमन्त्री यादवले प्रधानमन्त्री दाहाललाई बिहीबार सिंहदरवारस्थित प्रधानमन्त्री कार्यालयमा भेटेर ४ पृष्ठको ध्यानाकर्षण पत्र पनि बुझाएका छन् । 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, स्थायित्व, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मुख्य ध्येयकासाथ संविधान सभाबाट पारित भएको संविधान निर्माण भएको आठ वर्ष बितिसक्यो,' प्रधानमन्त्रीलाई बुझाइएको ध्यानाकर्षण पत्रमा भनिएको छ,'प्रदेश सरकारले संविधानको एकल सूचीमा रहेको अधिकार प्रयोग गर्न नपाउँदा प्रदेशको शान्ति सुरक्षा, सुशासन र प्रशासनमा समस्या देखिएको छ । प्रधानमन्त्रीज्यूले प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारी लागु गर्न अविलम्व परिणाममुखी दिशानिर्देशका लागि अनुरोध गर्दछौं ।'

मुख्यमन्त्री यादवले बुझाएको ध्यानाकर्षण पत्रको पहिलो बुँदामा प्रदेश प्रहरी मामिलालाई समेटिएको छ । संघीय सरकारले प्रहरी समायोजन नगरी प्रदेशलाई खटनपटनको अधिकार नदिइ मधेश प्रदेश सरकार संघसित टकराव लिइरहेको छ । प्रहरी समायोजन ऐन संघीय संसदबाट पारित भएर २०७६ माघ २८ गतेमा प्रमाणीकरण भइसके तापनि संघीय सरकारले प्रदेशलाई प्रहरी प्रशासन, कर्मचारी तथा संरचनाको हस्तान्तरण गरेको छैन् ।



'जसले गर्दा संविधानले प्रदान गरेको शान्ति सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषय कार्यान्वयन हुन सकेको छैन । अविलम्व प्रदेश प्रहरी एवं प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकार मातहत ल्याउन समायोजनका लागि आवश्यक निर्देशन र सहजीकरणका लागि प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउछौं,' पत्रमा उल्लेख छ ।

यस्तै, संघीय निजामती सेवा ऐन नबन्दा प्रदेशले जनतालाई प्रभावकारी सेवा दिनका लागि कर्मचारीलाई सरकारी कामकाजमा खटाउन नसकेको भनिएको छ । प्रदेशमा खटिने सचिवलाई प्रदेश सरकारको मातहतमा रहने गरी र स्थानीय तहमा खटिने प्रशासकीय अधिकृतलाई प्रदेश सरकार मातहतमा रहने गरी कर्मचारी खटाउने अधिकारसहित संघीय निजामती सेवा ऐन तत्काल ल्याउन मधेश प्रदेश सरकारले प्रधानमन्त्री दाहाललाई आग्रह गरेको छ । 'निजामती सेवा ऐन तत्काल पारित गर्ने अवस्था नभए अध्यादेश ल्याएर पनि प्रदेशलाई अधिकार सुम्पन आग्रह गर्दछौं,' ध्यानाकर्षण पत्रमा भनिएको छ ।

मधेश प्रदेश सरकारले प्रदेश सरकारबाट आफ्नो सेवा सञ्चालनका लागि सरकारी तथा सार्वजनिक जग्गाको उपभोग र प्रयोगका लागि पनि कानुनी अड्चन फुकाउन प्रधानमन्त्रीसित माग गरिएको छ । सार्वजनिक पर्ती, ऐलानी, वन क्षेत्रभित्र रहेको जग्गा भूमि आयोगले दर्ता गर्ने कार्य र प्रदेशभित्र रहेको सागरनाथ वन परियोजनासमेत प्रदेश वन मन्त्रालयअन्तर्गत राखेर अन्य सरकारी जग्गाको प्रयोग, उपभोग, समुचित व्यवस्थापन र भूमि व्यवस्थापनको अभिलेख राख्न नापी कार्यालय र भूमि प्रशासन कार्यालय प्रदेशअन्तर्गत हुनुपर्ने माग गरिएको छ ।

'प्रदेश सरकारले जग्गा लीजमा दिन प्रदेश मन्त्रिपरिषद्लाई अधिकार नरहँदा हालको समयमा पनि भूमि व्यवस्थापनमा एकात्मक शासन व्यवस्थाले नै निरन्तरता पाइरहेको छ,' ध्यानाकर्षण पत्रमा भनिएको छ,'जग्गासम्बन्धी यी अधिकारहरु संघीय शासन व्यवस्थाको अभ्यासका लागि अविलम्व प्रदेश मन्त्रिपरिषद्मा हस्तान्तरण गर्न कानूनमा संशोधन, नीतिगत निर्णयमा परिवर्तन गर्न ध्यानाकर्षण गराउँदछौं ।'

यस पटक मधेश प्रदेशका मुख्यमन्त्री सहितका मन्त्रीहरु र संसदीय दलका नेताहरु प्रधानमन्त्री संग भेटेका छन् । यस भन्दा पहिला मधेश प्रदेशका तत्कालीन गृहमन्त्री भरत प्रसाद साहको नेतृत्वमा सातवटै प्रदेशका गृहमन्त्रीको एक सम्मेलनबाट यी विषयका बारेमा जनकपुरधाम घोषणापत्र जारी गरी प्रधानमन्त्रीसंग भेटघाट गरेका थिए ।

मुख्यमन्त्री यादव, नेपाली कांग्रेसका संसदीय दलका नेता तथा भौतिक पूर्वाधारमन्त्री कृष्णा यादव, माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले प्रधानमन्त्री दाहालसंग भेटेर समस्याको बारेमा ब्रिफ गरेका थिए । जसमा संघीयताप्रति जनता निराश हुँदै गएको भनेर प्रधानमन्त्री दाहाललाई ब्रिफ गरिएको थियो । जसको जवाफमा प्रधानमन्त्री दाहालले जनताको इच्छा अनुसारको योजना ल्याउन भनेका थिए ।

# मधेशमा चिनीको छैन् अभाव, भारतीय सीमावर्ती बजारले धानेको तराई

**संजीवकुमार झा**

जनकपुरधाम । मुलुक भर चिनीको हाहाकार रहेको बेला मधेश प्रदेशमा भने चिनी पर्याप्त मात्रामा पाइएको छ । सर्वसाधारणलाई चिनीको समस्या छैन् । मधेश प्रदेशका सबै जिल्लाको सीमा भारतीय बजारमा जोडिएका कारण यहाँका सर्वसाधारण सीमावर्ती बजारबाट किनमेल गर्ने गर्छन । त्यसले गर्दा पनि चिनीको त्यति बढी समस्या पाइएको छैन् ।

मधेश प्रदेशमा मात्रै १४ वटा चिनी उद्योग छ तर सबै पूर्ण रुपमा सञ्चालनमा नरहेका कारण अन्य प्रदेशहरुमा चिनीको समस्या भएको छ । सरकारको नीतिले यहाँको चिनी उद्योगहरु फूस्टयाउन नसकेको व्यापारीहरुको गुनासो छ । १४ वटा चिनी मिल पूर्ण रुपमा सञ्चालनमा आएपछि मुलुकलाई धान्न सक्ने स्थितिमा आउन सक्छ । चिनी मिलका सञ्चालक र किसानबीचमा देखिएका तिक्कताका कारण पनि चिनी उत्पादनमा समस्या देखिएको छ ।

किसानहरुलाई वर्षौंसम्म भुक्तानी नगर्नु, खुल्ला सीमाबाट चिनी आयात नरोकिनुलगायतका समस्याले मधेश प्रदेशका कारखानाहरु पूर्ण रुपमा सञ्चालनमा आउन सकेका छैनन् । मधेश प्रदेशमा रहेका कारखानाहरु मात्रै पूर्ण रुपमा सञ्चालन गरियो भने चिनीमा परनिर्भरता रहनु नपर्ने जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ बताउँछन् । जनकपुरधामको बजारमा चिनीको समस्या छैन् अलिकता महँगो भएको उनी स्वीकार गर्छन् । जनकपुरधाममा किराना पसलहरुमा चिनी ९० देखि ९५ रुपैयाँसम्म बिक्री हुने गरेको अध्यक्ष महासेठले जानकारी दिए ।

वीरगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल पनि चिनीको समस्या नरहेको बताउँछन् । बजारमा चिनी पर्याप्त रहेको उनी बताउँछन् । बजारका उद्योगी व्यापारीहरु समस्यामा रहेको छ, बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न नसक्ने अवस्था रहेको उनी बताउँछन् । चिनीको मूल्य वीरगञ्जमा ८० देखि ९० रुपैयाँ रहेको उनले बताए ।

रौतहट उद्योग बाणिज्य संघका अध्यक्ष पण्डित प्रसाद जयसवालले गौर मात्रै नभइ रौतहट जिल्लाका स्थानीयबासीहरु भारतीय बजार बैरगनियामा निर्भर रहेको बताए । व्यापार व्यवसाय धारासायी रहेको बताउँदै अध्यक्ष जयसवालले सरकार प्रमुख दोषी रहेको आरोप लगाए । उनले भने-'सरकारले किसान र कारखाना सञ्चालकहरुबीच गर्नुपर्ने समन्वय गर्न नसकेका कारण चिनीको वर्तमान अवस्था सृजना भएको छ ।'



> मधेश प्रदेशमा रहेका कारखानाहरु मात्रै पूर्ण रुपमा सञ्चालन गरियो भने चिनीमा परनिर्भरता रहनु नपर्ने जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ बताउँछन् ।
> - जितेन्द्र महासेठ



> बजारमा चिनी पर्याप्त रहेको उनी बताउँछन् । बजारका उद्योगी व्यापारीहरु समस्यामा रहेको छ, बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न नसक्ने अवस्था रहेको उनी बताउँछन् ।_ ।
> - अनिल अग्रवाल



> 'सरकारले किसान र कारखाना सञ्चालकहरुबीच गर्नुपर्ने समन्वय गर्न नसकेका कारण चिनीको वर्तमान अवस्था सृजना भएको छ ।'
> - पण्डित प्रसाद जयसवाल

उखुको उत्पादन लिने समय भइसक्दा पनि न्यूनतम समर्थन मूल्य निर्धारण हुन नसक्दा किसानले चिनी उद्योगलाई उखु बेच्न पाएका छैनन् । समयमा उखुको मूल्य निर्धारण नहुँदा चिनीभन्दा गुड (सखर)का लागि उखु प्रयोग हुने गरेको छ ।

समयमै उखुको समर्थन मूल्य निर्धारण नहुँदा चिनी उत्पादनमा पनि कमी आउने देखिन्छ । 'उखु काट्ने बित्तिकै प्रशोधनमा लगे रसिलो हुन्छ, चिनी उत्पादन बढ्छ,' जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष महासेठले भने,-'रस सुकेको उखुबाट उत्पादन पनि कम हुन्छ ।'

मूल्य निर्धारण नहुँदा उखु खेतमै सुक्ने गरेको कलैयाका किसान इन्द्र देव कुसवाहाले बताए । समयमै उखुको मूल्य निर्धारण भए तयार भएको उखु बेचेर गहुँ खेती गर्न सहज हुने उनको भनाइ छ । 'उखुको मूल्य निर्धारण नहुँदा तयार भएको उखु बेच्न सकेका छैनौं ।'

उखुको मूल्य कार्तिक मसान्तसम्म निर्धारण गर्न माग गरेको उनले बताए । 'मूल्य निर्धारणका लागि सरोकारवाला निकायमा आग्रह गरेका छौं,' कुसवाहाले भने, 'कार्तिक मसान्तसम्म उखुको मूल्य निर्धारण नभएमा हामी आन्दोलन गर्छौं ।'

नेपालमा पछिल्लो समय उखु खेतीको क्षेत्रफल घट्दै गएको मन्त्रालयको तथ्याङ्क देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा साढे ६८ हजार हेक्टर क्षेत्रफल हाराहारीमा उखु खेती गरिएको थियो । यसबाट ३४ लाख मेट्रिक टन उखु उत्पादन भएको थियो ।

यस्तै, आर्थिक वर्ष २०७७/०७८ मा ६४ हजार हेक्टर क्षेत्रफलमा गरिएको उखु खेतीबाट ३१ लाख ८३ हजार मेट्रिक टन उत्पादन भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा साढे ६२ हजार हेक्टर क्षेत्रफलमा उखु खेती गरिएको थियो । सोबाट ३१ लाख ५९ हजार मेट्रिक टन उखु उत्पादन भएको थियो ।

उखु खेतीको क्षेत्रफल बर्सेनि खुम्चिँदै जानुको मुख्य कारण किसानले उखुको भुक्तानी समयमै नपाउनु नै रहेको बताइन्छ ।

'जनमन सँ जनजन धरि'

रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लऽ
निरन्तर १८ घण्टा
अहाँक संग
सुझाव आ प्रतिक्रियाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# प्लास्टिकजन्य फूलको गुच्छा प्रयोग नगर्नुस् : प्रजिअ गैरे

काठमाण्डु । जिल्ला प्रशासन कार्यालय धादिङले प्लास्टिकजन्य फूलको गुच्छा, माला जस्ता सामग्रीको प्रयोग तथा बिक्री वितरण नगर्न आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले चाडपर्व, सार्वजनिक समारोह, मेला, महोत्सव तथा अन्य कार्यमा प्लास्टिकजन्य फूलकोगुच्छा, मालालगायतका सामग्रीको प्रयोग तथा बिक्रीवितरणलाई पूर्णरुपमा नियन्त्रण गरिने बताउनुभयो ।




उहाँले स्थानीयस्तरमा उत्पादित फूल तथा कृषि उपजहरुको प्रयोग गर्न गराउन जिल्लास्थित सार्वजनिक निकाय, राजनैतिक दल, उद्योगी व्यवसायी, नागरिक समाजलगायत सम्पूर्ण जिल्लावासीमा अनुरोधसमेत गर्नुभएको छ । जिल्ला प्रशासन कार्यालय धादिङले एक सूचना जारी गर्दै प्लास्टिकजन्य फूलका गुच्छा, मालाआदिको उत्पादन, बिक्री वितरण वा भण्डारण गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने जनाएको छ ।

किसानबाट उत्पादित फूल स्थानीय माग धान्न पर्याप्त रहेको उल्लेख गर्दै सरकारले २०७९ साउन १२ गते राजपत्रमा सूचना प्रकाशित गरी नेपालभर प्लास्टिकजन्य फूलको गुच्छा उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा पूर्णरुपमा रोक लगाएको कार्यालयद्वारा विहीबार जारी सूचनामा स्मरण गराइएको छ।

प्लास्टिकजन्य फूलका गुच्छा, मालाका साथै चाडपर्वको समयमा हुनसक्ने कालोबजारी, तथा कृत्रिम अभावको सिर्जना गरी मूल्यवृद्धि गर्ने जस्ता कार्य नियन्त्रणका लागि बजार अनुगमनलाई तीव्रता दिइएको प्रमुख जिल्ला अधिकारी गैरेले जानकारी दिनुभयो ।रासस

# ‘सुशासन कायम गर्न सरकार दृढतापूर्वक लागेको छ’

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्न सरकार दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभएको छ । ‘प्रतिमान-नीमा स्मृति प्रतिष्ठान’को २०औं वार्षिकोत्सवलाई विहीबार सम्बोधन गर्दै उहाँले सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित अगाडि बढेको वर्तमान सरकार देशमा विद्यमान चुनौतीलाई अवसरमा बदल्न क्रियाशील रहेको बताउनुभयो ।



“दश महिनाको अवधिमा अर्थतन्त्रको सङ्कट अन्त्य गर्दै अर्थतन्त्रमा परेको दबाब अन्त्य गर्न मेहनत गरिएको छ। अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक छन्, यद्यपि दबाब अन्त्यका लागि रणनीतिक कदम चाल्नुपर्ने आवश्यकता महसुस भएको छ”, उहाँले भन्नुभयो ।

आफ्नो भारत, इटाली, अमेरिका र चीन भ्रमणबाट नेपालको राष्ट्रिय हित प्रवर्द्धनमा योगदान भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले हालै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गर्नुभएको नेपाल भ्रमण र नेपालप्रति व्यक्त विचारले सिङ्गो विश्वको ध्यान नेपालमा केन्द्रित भएको बताउनुभयो । “यसले शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको तर्जुमा, जलवायु परिवर्तनले नेपालमा पारेको बहुआयमिक प्रभावलाई कम गर्न, कार्बन उत्सर्जन नियन्त्रणबापत नेपालले प्राप्त गर्नुपर्ने ‘रोयल्टी’, जलवायु परिवर्तनका क्षेत्रमा नेपाल नेतृत्व देशका रूपमा प्रस्तुत हुने आधार प्रस्तुत गरेको छ”, उहाँले भन्नुभयो, “यो हाम्रा लागि महत्त्वपूर्ण उपलब्धि हो ।

जाजरकोट भूकम्पबाट भएको अकल्पनीय क्षतिले देश शोकमा परेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भूकम्पपछि उद्धार र राहतमा सरकारले लिएको पहलकदमीले पुनःस्थापनामा पनि प्रभावकारी र वैज्ञानिक भूमिकाको आधार तयार भएको बताउनुभयो । “सरकारले २०७२ को भूकम्पबाट शिक्षा लिएर यसपटक वैज्ञानिक र व्यवस्थितरूपमा पुनःस्थापनाको काम अगाडि बढाउने छ”, उहाँले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले मुलुकको सामाजिक-आर्थिक विकासका लागि सरकारको मात्र मुख नताकी जनताले पनि खुला हृदयले पनि सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले प्राविधिक जनशक्ति उत्पादन गर्न प्रतिमान-नीमा स्मृति प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्नुभयो ।

विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुर्याउनुभएका प्रतिमान चन्द बोहराको स्मृतिमा स्थापित उक्त प्रतिष्ठानले देशका विभिन्न स्थानमा रहेका विद्यालयमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ ।रासस

# सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्रहत्या गर्ने पक्राउ

काठमाण्डु। नेपाल प्रहरीको साइबर ब्युरोले सामाजिक सञ्जाल (टिकटक र फेसबुक)को दुरुपयोग गरी चरित्रहत्या गर्ने एक जनालाई विहीबार पक्राउ गरेको छ। पक्राउपर्नेमा सिराहा, लहान नगरपालिका स्थायी घर भइ हाल काठमाडौँमा बस्ने ३६ वर्षीय मनोज ‘मानव’ भन्ने मनोजकुमार महतो रहेका छन्।

प्रहरी उपरीक्षक पशुपतिकुमार रायका अनुसार सामाजिक सञ्जालमा तस्बिर तथा श्रव्यदृश्यको दुरुपयोग गरी चरित्रहत्या गर्ने उद्देश्यले क्याप्सन लेखी टिकटक र फेसबुकमा प्रकाशन तथा प्रसारण गरेको पीडित महिलाको निवेदनमाथि प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषणपछि महतोलाई पक्राउ गरिएको जनाइएको छ।

महतोलाई विद्युतीय कारोबार ऐन अनुसार कसुरमा काठमाडौँबाट पक्राउ गरी जिल्ला अदालतको आदेशले सात दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रायले बताउनुभयो। रासस

# उपप्रधानमन्त्री खड्काको यूएई भ्रमण स्थगित

काठमाण्डु । उपप्रधानमन्त्री पूर्णबहादुर खड्काले यही कात्तिक २७ गतेदेखि मंसिर १ गतेसम्म संयुक्त अरब इमिरेट्स (यूएई)का लागि तय भएको भ्रमण स्थगित गर्नुभएको छ ।

दुवईमा आयोजना हुन लागेको १८औं दुबइ एयरशो, २०२३ मा भाग लिन यूएईका युवराज मोहम्मद बिल रसिद अल मकतुमको निमन्त्रणामा उपप्रधानमन्त्री खड्का नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यूएई जाने कार्यक्रम तय भएको थियो । यसका लागि यही कात्तिक १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले भ्रमणको स्वीकृति समेत दिएको थियो ।

यही कात्तिक १७ गते शुक्रबार राति जाजरकोटमा ६.४ रेक्टरस्केलको भूकम्प गएपछि उद्धार तथा राहतमा सक्रिय भएकाले उपप्रधानमन्त्री खड्काले भ्रमणको कार्यक्रम स्थगित गर्नुभएको रक्षामन्त्रालयका सहसचिव एवम् प्रवक्ता प्रकाश पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

“भूकम्प गएपश्चात जाजरकोट र रुकुमपश्चित लगायतका क्षेत्रमा ठूलो धनजनको क्षति भएको र प्रभावितहरुको उद्धार, राहत र पुनःस्थापनालगायतका काममा उपप्रधानमन्त्री खड्का स्वयम् निरन्तर क्रियाशिल रहनुभएकालबे यस विषम परिस्थितिमा वैदेशिक भ्रमणमा जान उपयुक्त नहुने निष्कर्षसहित यूएई भ्रमण रद्द गरिएको हो”, विज्ञप्तिमा उल्लेख छ। रासस

# भूकम्पपीडितलाई चिसोबाट जोगाउनु पहिलो प्राथमिकता : मन्त्री बस्नेत

जाजरकोट ।ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले शुक्रबार गएको भूकम्पबाट पीडित भएका सर्वसाधारणलाई चिसो तथा हिमपातबाट जोगाउनु सरकारको पहिलो प्राथमिकता भएको बताउनुभएको छ। प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको सहभागितामा भएको अन्तर्क्रियामा उहाँले यसअघि भूकम्पको समयमा गरिएका कामको सिकाइलाई जाजरकोटमा भएको क्षतिसँग जोडेर पुनःनिर्माणको कामलाई अभियानका रुपमा अगाडि बढाइने बताउनुभयो ।

पुनःनिर्माणको अभियानमा सबै विकास साझेदार निकायको भूमिका महत्वपूर्ण हुने बताउँदै मन्त्री बस्नेतले तत्कालका लागि राहत व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । राहत सामग्री बोक्नका लागि ठूलो हेलिकप्टर प्रयोग गर्न खोजिए पनि अवतरणमा समस्य भएको उहाँको भनाइ थियो । ठूला ढुवानीका साधन पालिकाको सदमुकामसम्म पुग्नसक्ने अवस्था नभएकाले राहत व्यवस्थापनमा ढिला भएको उहाँले बताउनुभयो ।

सानो हेलिकप्टर प्रयोग गर्दा राहत सामग्री थोरैमात्र ढुवानी भएको मन्त्री बस्नेतले जानकारी दिनुभयो । बाहिरबाट आएका सामग्री एकद्वार प्रणालीबाट सबै ठाउँका परिचालन गर्न पठाइएको जनाउँदै उहाँले सदरमुकामबाट पठाइएका सामग्री जाम भएपछि समस्य आएको बताउनुभयो । सदरमुकामबाट पालिकाको केन्द्र, पालिकाको केन्द्रबाट वडा कार्यालय र वडा कार्यालयबाट पीडितसम्म पुग्नका लागि समय लागेको मन्त्री बस्नेतको भनाइ थियो । वडाध्यक्षले वडा सदस्यलाई समेत परिचालन गरेर सामग्री वितरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

केन्द्रबिन्दुमा मानवीय क्षति नभए पनि भौतिक क्षति धेरै भएको मन्त्री बस्नेतले बताउनुभयो । बारेकोट, कुशे गाउँपालिकामा त्रिपालको समस्या देखिएको भन्दै खाद्यान्नभन्दा पनि त्रिपालको समस्या बारेकोटमा बढी देखिएको उहाँले बताउनुभयो ।



जाजरकोट र रुकुमपश्चिममा भएको क्षतिलाई एउटा योजना बनाएर पुनःनिर्माणको काम गरिने मन्त्री बस्नेतले समितिलाई जानकारी गराउनुभयो । पुनःनिर्माण तथा पुनःस्थापनाको कामलाई गति दिन समस्या भइरहेको उहाँको भनाइ थियो । बढी चिसो भएमा पीडितलाई अस्थायी सेन्टर स्थापना गरी व्यवस्थापनको काम गरिने उहाँले जानकारी दिनुभयो ।

मन्त्री बस्नेतले दुःखमा साथ दिने, योगदान गर्ने, सल्लाह, सुझाव र हौसला दिने सबैलाई जाजरकोटको प्रतिनिधिका हिसाबले धन्यवादसमेत दिनुभयो । सुरक्षाकर्मी मित्रको पुऱ्याएको योगदानलाई भुल्नै नसक्ने भन्दै उहाँले विशेष धन्यवाद दिनुभयो।

**विद्यालयमा टहरा बनाएर पढाउने योजनामा स्थानीय तह**

तिहारलगत्तै खुल्ने तरखरमा रहेका सामुदायिक विद्यालयमा भूकम्पले क्षति बनाएपछि तत्काल कसरी पठनपाठन सुरु गर्ने भन्नेमा स्थानीय तह समस्यमा परेका छन् । माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मा रहेकाले तिहारलगत्तै विद्यालय खोल्नुपर्ने अवस्था छ ।

भूकम्पले अधिकांश विद्यालयमा क्षति हुनुका साथै चिसोयामका कारण अर्को समस्य थपिने भएकाले शैक्षिक गतिविधि कसरी अगाडि बढाउने भन्ने विषयमा बहस हुन थालेको छ। अधिकांश घर बस्न योग्य नभएको अवस्थामा विद्यालयसमेत भत्किएपछि विद्यार्थी चर्को समस्यमा परेका छन् ।

शैक्षिक क्रियाकलाप अगाडि बढाउनका वैकल्पिक टहरा निर्माण गरेर विद्यालय खोल्ने योजनामा रहेको स्थानीय तहले बताएका छन् । रूकुमपश्चिमको आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले टहरा बनाएर भए पनि पठनपाठन थाल्ने बताउनुभयो । “अहिले उद्धारम लागि परेका छौं । अब तिहारलगत्तै हामी टहरा बनाएर भए पनि वैकल्पिक रूपमा पठनपाठन सञ्चालन गर्नेछौं”, उहाँले भन्नुभयो ।

आठबिसकोटमा ६७ वटा विद्यालयमा क्षति भएको शिक्षा विकास तथा समन्वय इकाइ रुकुमपश्चिमले जनाएको छ । इकाइ प्रमुख ताराप्रकाश पुनमगरले प्रदेश र स्थानीय तहसँग समन्वय गरी वैकल्पिक बाटोबाट पठनपाठन सञ्चालनको तयारी भइरहेको जानकारी दिनुभयो ।

नलगाड नगरपालिकामा पनि वैकल्पिक तरिकाले विद्यालय सञ्चालनमा ल्याइने नगरप्रमुख डम्बर रावतले बताउनुभयो । पठनपाठन सञ्चालनकाबारे प्रदेश सरकार, विभिन्न सङ्घसंस्थासँग छलफल गरेर भौतिक संरचनाभन्दा पनि, टहरालगायत उपाय अपनाएर गर्ने योजनामा रहेको उहाँको भनाइ थियो । नलगाढ बढी भूकम्पबाट प्रभावित क्षेत्र हो । नगरप्रमुख रावतका अनुसार उक्त नगरपालिकाभित्र ३४ विद्यालय पूर्णरूपमा क्षति भएका छन् । जाजरकोट र रूकुमपश्चिमलगायत क्षेत्रमा भूकम्पबाट दुई सय सात सरकारी विद्यालयमा क्षति भएको उहाँले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार जाजरकोटमा एक सय ५२ विद्यालयमा क्षति पुगेको छ । शिक्षा विकास तथा समन्वय इकाइ रुकुमपश्चिमका इकाइ प्रमुख पुनमगरले भूकम्पबाट ३८ विद्यालयमा पूर्ण र १७ विद्यालयमा आंशिक क्षति भएको जानकारी दिनुभयो । उहाँका अनुसार भेरी नगरपालिकामा दुई विद्यालय पूर्णरूपमा भत्किएका छन् भने आंशिकरूपमा १७ वटामा क्षति भएको छ ।

नलगाड नगरपालिकामा १२ विद्यालय पूर्णरूपमा भत्किएका छन् भने आंशिकरूपमा २१ वटामा क्षति पुगेको छ । छेडागाडमा तीन, कुशेमा चार र बारेकोटमा पाँच विद्यालय विद्यालय पूर्णरूपमा भत्किएका प्रहरीले जनाएको छ । प्रहरीको तथ्याङ्कअनुसार शिवालय गाउँपालिकामा पाँच विद्यालयमा आंशिक र जुनिचाँदे गाउँपालिकामा २३ विद्यालयमा पूर्ण क्षति भएको छ ।

रुकुमको आठबिसकोटको माथिल्लो डोल्पासँग जोडिएको भागमा, जाजरकोटको नलगाड नगरपालिकाको माथिल्लो भागमा तथा बारेकोट गाउँपालिकामा बढी चिसो तथा हिमपात हुने गर्दछ। घरविहीन भएका बालबालिका अस्थायीरुपमा निर्माण गरिएका टहरामा गएर शिक्षा लिने सम्भावना बढेको छ । यसरी शैक्षिक क्रियाकलाप अगाडि बढाउँदा बालबालिकाको दिमागका कति मनोवैज्ञानिक त्रास होला भन्ने अर्को प्रश्न उठेको छ । अहिले पनि समयसमयमा बालबालिका झस्किने गरेका स्थानीय बताउँछन् ।

# प्रदेशसभाका वर्तमान र पूर्वसदस्यबीच छलफल

काठमाण्डु । प्रदेशसभाका वर्तमान र पूर्वसदस्यलाई एउटै मञ्चमा उभ्याएर जागरण मिडिया सेन्टरले विहीबार काठमाडौँमा अनुभव आदन-प्रदान कार्यक्रम आयोजना गरेको छ ।

त्यस अवसरमा बागमती प्रदेशको प्रदेश मामिला समितिका पूर्वसभापति माधव पौडेलले प्रदेशसभाको अभ्यासले वर्तमान सांसदहरूलाई सिकाइरूपमा लिनुपर्ने बताउनुभयो । प्रदेशका संरचना बलियो बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले संविधानको अनुसूचीमा प्रदेशलाई २० अधिकार दिएको बताउनुभयो । उहाँले आफ्नो कार्यकालमा तर्जुमा गरिएका १५ ऐन प्रदेशसभाले पारित गर्न बाँकी रहेको बताउनुभयो ।

बागमती प्रदेशको सार्वजनिक लेखा समितिका पूर्वसभापति न्हुच्छेनारायण श्रेष्ठले बागमती प्रदेश स्थानीय स्रोत साधनमा सम्पन्न भएको बताउनुभयो । स्रोतसाधनको परिचालन गर्न कानुनी जटिलता रहेकाले त्यसलाई हटाउने जिम्मेवारी प्रदेशसभाका सदस्यहरूलाई रहेको बताउनुभयो ।

उद्योग, वन तथा वातावरण समितिका सदस्य प्रतिमा श्रेष्ठले समानुपातिकतर्फबाट प्रदेशसभा प्रतिनिधित्व गर्नुहुने माननीयलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिएको गुनासो गर्दै ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश विश्वविद्यालयमा कानुन र जनप्रशासन विषयमा पठनपाठन

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश विश्वविद्यालयले कानुन र जनप्रशासन सङ्कायमा भर्ना भएका विद्यार्थीका लागि अनुशिक्षण कक्षा सञ्चालन गरेको छ । स्थापना भएको पहिलो एक वर्षमै विश्वविद्यालयले आगामी मंसिर ११ गतेदेखि कानुन सङ्कायतर्फ बीएएलएलबी र जनप्रशासन सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । यसका लागि प्रवेश परीक्षामार्फत कानुन सङ्काय बीएएलएलबीमा भर्ना भएका एक सय १० र जनप्रशासन सङ्कायका ५५ विद्यार्थीका लागि विश्वविद्यालयले तीन दिने अनुशिक्षण कक्षा सञ्चालन गरेको छ।




विश्वविद्यालयमै सञ्चालित अनुशिक्षण कक्षामा विश्वविद्यालयका उपकुलपति दीपक शाक्य, रजिस्ट्रार विजयकुमार यादवले विश्वविद्यालयको अवस्था र भावी कार्ययोजनाबारे प्रशिक्षण दिएका छन्।

यस्तै पर्सा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मा र जिल्ला सरकारी वकिल कार्यालय पर्साका सहन्यायाधिवक्ता रामकुमार थापाले कानुन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनसम्बन्धी प्रशिक्षण दिएको विश्वविद्यालयका रजिस्ट्रार यादवले बताए।

सुष्मा श्रेष्ठ, वासुदेवलाल कर्ण र अरविन्द श्रेष्ठले विश्वविद्यालयको आचरण र विद्यालयले परिपालना गर्ने विषयमा सहजीकरण गरेका थिए भने शैक्षिक क्रियाकलाप तथा विश्वविद्यालयको अनुशासनसम्बन्धी विश्वविद्यालयका कानुन तथा जनप्रशासन सङ्कायका डीन डा. मानबहादुर विश्वकर्माले सहजीकरण गरेको रजिस्ट्रार यादवले बताए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा सामाजिक न्यायसम्बन्धी अधिवक्ता विकास गुप्ताले सहजीकरण गरेका थिए।

पठनपाठनका लागि मधेश विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाण्डु विश्व विद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ। विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाण्डु विश्वविद्यालयको समन्वयमा यी दुबै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाईसमेत अघि बढाएको छ।

गत २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन २०७९ जारी भइ २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई वटा सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिइ कार्यालय सञ्चालन गर्दै आएको छ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेश प्रदेशलाई प्राविधिक शिक्षा हबको रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेश विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपीआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले जानकारी दिए।

# जोखिमपूर्ण बन्दै कमलाको काठे पुल

**टुडे समाचारदाता**

सिरहा । हुलाकी सडक अन्तर्गत धनुषा-सिरहा जोड्ने कमला नदीमा सञ्चालनमा आएको काठको पुल जीर्ण बन्दै गएको छ । उक्त पुलबाट दैनिक एक हजार भन्दा बढी मोटरसाइकल आवतजावत गर्दै आएका छन्।

वर्षायाम सुरु भएसँगै गत असारदेखि नदीमा पानीको बहाव बढेपछि सिरहा नगरपालिकाले तत्कालका लागि बाँस प्रयोग गरी अस्थायी प्रकृतिको काठको पुल बनाएको थियो । १२ वर्षदेखि निर्माणाधीन कमलाको पक्की पुल समयमा सम्पन्न नहुँदा यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । वर्षायाममा हुलाकी मार्गका यात्रु तथा नदी वारिपारि दुबै जिल्लाका स्थानीयवासीलाई आवतजावत गर्न सास्ती भोग्नु परेको छ।

"नजिकैको बजार पनि यतै छ, नातेदार पनि यतै छन", पुल तरेर सिरहा बजार आएका धनुषाको कमला नगरपालिकाका अन्सारुल राइनले भने, "बिहानसम्म आवतजावत सहज थियो, तर अहिले दिउँसो पुलमाथिका काठ भाँचिन लागेको छ । स्थानीय युवाले काठका फलेकमा काँटी ठोकेर मर्मत गरेकाले जसोतसो पुल पार गरियो ।" नगरपालिकाले यही काठको पुल पनि मर्मत सम्भारमा ध्यान नदिएको गुनासो उनले गरे।



यात्रुलाई नदी वारपार गर्नलाई नजिकैको अर्को कुनै विकल्प नभएको सिरहा नगरपालिका-६ का वडा सदस्य उमेश यादवको भनाइ छ । "यहाँको दुर्गति भनेकै यो पक्की पुल निर्माणमा ढिलाइ गर्नु हो । विकल्पको रूपमा आवतजावत गर्नलाई कि त पूर्व-पश्चिम महेन्द्र राजमार्ग मिर्चैया-कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घण्टा लामो यात्रा गर्नुपर्छ", यादवले भने, "निर्माणाधीन पक्की पुल बन्छ र सहज यात्रा होला भनेर आशामै बसेको पनि एक दशकभन्दा बढी भइसक्यो । खोइ कहिले सम्पन्न हुने हो कुनै निश्चित छैन ।"

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै दुई वर्षअघि भासिएको थियो । वि.सं.२०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो तर पटक पटक म्याद थपेर करिब दश वर्ष लाग्यो। निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइ उद्घाटनको तयारी गरिरहेकै बेला वि.सं.२०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि पुनः निर्माणको काम तत्काललाई अनिश्चित भयो।

निर्माण कम्पनी लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनः निर्माण गर्ने गरी काम सुरु गरेको थियो । तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनः निर्माणको काम असार नलाग्दै रोकियो । निर्माण कम्पनीका अनुसार तिहार तथा छठ पर्वपछि रोकिएको पुल निर्माणको काम पुनः सञ्चालन हुनेछ।

# हातहतियारसहित पाँचजना पक्राउ



**टुडे समाचारदाता**

बारा । प्रहरीले हातहतियारसहित पाँचजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बाराको सिम्रोनगढ नगरपालिका ११ भगवानपुरका ४० वर्षीय उपेन्द्र पटेल, २७ वर्षीय धीरेन्द्र पटेल, ६२ वर्षीय रुपलाल पटेल, रौतहटको बौधीमाई नगरपालिका २ का ४४ वर्षीय राजमंगल पटेल र ८० वर्षीय सोभा राउत रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

बिहीबार बिहान सिम्रौनगढ ११ भगवानपुर बस्ने उपेन्द्रले आफ्नो घरमा लुकाइछिपाइ हतियार राखेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिम्रौनगढ बाराबाट खटेको प्रहरीको विशेष टोलीले घरको खानतलासी गर्दा कालो रंगको पोलिथिन झोलाभित्र सेतो कपडाले बेरी लुकाइछिपाइ राखेको अवस्थामा हातहतियार बरामद गरेको छ।

प्रहरीले रिभाल्वर १ थान र त्यसको गोली ७ थान, नलकटुवा पेस्तोल १ थान र त्यसको गोली एक थान, केएफ १२ लेखिएको गोली जंगी राउण्ड २ थान बरामद गरेको छ।

पक्राउ परेकाहरुमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# वडाध्यक्ष पूर्पक्षका लागि कारागार चलान

सर्लाही । सर्लाहीको धनकौल गाउँपालिका वडा नं ५ का वडाध्यक्ष गजेन्द्र महतोलाई पूर्पक्षका लागि कारागार चलान गर्न सर्लाही जिल्ला अदालतले आदेश दिएको छ।

अदालतका न्यायाधीश सूर्यबहादुर थापाको इजलासले वडाध्यक्ष महतोलाई ज्यान मार्ने उद्योगमा पूर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार केही महिनाअघि केही मानिस घाइते हुने गरी गाउँमै भएको कुटपिटको घटनामा वडाध्यक्ष महतोसमेत संलग्न रहेको भनी जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान उद्योगमा वडाध्यक्ष महतोविरुद्ध मुद्दा दायर भएको थियो।

मुद्दा दायर भएदेखि फरार रहेका महतो अदालतमा आफैँ उपस्थित भएपछि अदालतको इजलासले उहाँलाई पूर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको न्यायधीश थापाले जानकारी दिनुभयो । उहाँका अनुसार मुद्दाको अन्तिम फैसला नहुँदासम्म महतोलाई पूर्पक्षका लागि कारागार पठाउने आदेश भएको हो।

स्थानीय तहको निर्वाचन २०७९ मा नेकपा(माओवादी केन्द्र) बाट महतो वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो। अदालतको आदेश अनुसार वडाध्यक्ष महतोलाई गौर कारागार, रौतहट चलान गर्ने तयारी गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवम प्रवक्ता दीपेन्द्र पञ्जियार थारुले जानकारी दिनुभयो । उहाँका अनुसार यस मुद्दामा अन्य केही व्यक्तिलाईसमेत प्रतिवादी बनाएर मुद्दा दायर भएको छ । ती व्यक्ति फरार रहेका र उनीहरुको खोजी जारी रहेको उहाँले बताउनुभयो। रासस

# तस्करीको धान स्थानीयले लुटे



**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको छिपहरमाई गाउँपालिकास्थित भेडिअर्वा टिहुकीका स्थानीयवासीले प्रहरीले बरामद गरी नियन्त्रणमा लिएको धान लुटेर लगेका छन्।

भारतको वसन्तपुर नाकासँग जोडिएको पर्साको भेडिअर्वा हुँदै बुधबार धान लोड रहेको ट्र्याक्टर नेपाल भित्रिएको अवस्थामा सशस्त्र प्रहरीले चेकजाँच गरिरहेको बेला स्थानीयहरूले लुटपाट गरेर लगेको प्रत्यक्षदर्शीको भनाइ छ।

घटनाबारे जानकारी आएपछि बोर्डर आउट पोष्ट मिर्जापुरका सशस्त्र प्रहरी निरीक्षक केशव सुबेदीलाई सशस्त्र प्रहरी गण नम्बर १३ वीरगञ्जमा तानिएको छ र उनको ठाउँमा कपिल गिरीलाई पठाइएको सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले जानकारी दिए।

धान लुटिएको घटनाका बारेमा अनुसन्धान भइरहेको पनि सशस्त्र प्रहरी उपरीक्षक कर्माचार्यले बताए । सशस्त्र प्रहरीकै अगाडि स्थानीयले धान लुटेर लैजाँदासमेत प्रहरी मूकदर्शक भएको आरोप प्रत्यक्षदर्शीले लगाएका छन्।

# जसपामा सयौं प्रवेश



**टुडे समाचारदाता**

पर्सा । विभिन्न पार्टी परित्याग गरी सयौं नेता कार्यकता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन्।

जसपा नेपाल गाउँपालिका कमिटिद्वारा बिहीबार छिपहरमाई गाउँपालिका वडा नं २ टिहुकीमा आयोजित बृहत् पार्टी प्रवेश कार्यक्रममा नेपाली काँग्रेस र नेकपा एमाले पार्टी परित्याग गरी सयौंको संख्यामा नेता तथा कार्यकर्ता जसपा नेपालमा प्रवेश गरेका छन् । नेपाली काँग्रेसका वीरेन्द्र महतो केवट, नेकपा एमालेका समसुल मियाँ, नेपाली काँग्रेसका अनिल साहलगायतका नेता तथा कार्यकर्ताहरुलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीमा प्रवेश गराएका छन्।

कार्यक्रममा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, मधेश प्रदेश सरकारको उर्जा, सिँचाई तथा खानेपानी मन्त्री सिंहासन साह कलवार, जसपाका पर्सा अध्यक्ष रामनरेश प्रसाद यादव, जसपाका नेता बालकिसोर यादव, ईगरासन साह कलवारका उपस्थिति रहेको थियो।

# अवैध चाँदीका गरगहनासहित एक पक्राउ


**टुडे समाचारदाता**

सर्लाही । प्रहरीले मलंगवा नगरपालिका वडा न-९ स्थित टावर चोक सडक खण्डबाट १ किलो ९ सय ५० ग्राम अवैध चाँदीको गरगहनासहित एक जना भारतीय युवकलाई पक्राउ गरेको छ।

बिहीबार बिहान टावर चोकस्थित सडक खण्डमा भारतको सोनवर्षाबाट साइकलमा सवार भएर मलंगवातर्फ आउँदै गरेको सोनवर्षा थाना ग्राम पञ्चायत बसतपुर-७ का राजन दासको छोरा १९ वर्षीय लभ कुमार दासलाई शंका लागेर चेकजाँच गर्दा विभिन्न चाँदीको गरगहनाहरु बरामद भएको प्रहरीले बताएको छ।

दासलाई जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जसपामा स्वभाविक विद्रोह

जनता समाजवादी पार्टी (जसपा) मा देखिएको विद्रोह स्वभाविक हो । पार्टी अध्यक्ष उपेन्द्र यादव नजिक रहेका केही व्यक्तिले गरेको निषेधको राजनीतिका कारण स्थानीय स्तरमा त्यसको प्रभाव देखिएको छ । पर्सा जिल्ला कार्यसमितिमा समानान्तर समिति, जनकपुरधाम नगर समितिमा समानान्तर समिति रहेकै बेला बुधबार पार्टीका अध्यक्ष उपेन्द्र यादवकै गृह जिल्लामा समेत मञ्च बाटै समानान्तर समिति गठन गर्नु भनेको निषेधको राजनीतिविरुद्धको विद्रोह बुझ्नुपर्छ । पार्टीको विधान विपरीत, विधानको मूल्य मान्यता र नीति विपरीत गएको देखेर विद्रोह हुनुलाई पार्टीको अहित बुझ्नुपर्दैन् । पार्टी कमजोर हुनेमा केही गुटको वर्चस्व र एकल निर्णय नै हुने गरेका कारण विद्रोह हुने परिपाटि भने पुरानै छ । तर, पार्टीको विधान विपरीत जानु हुँदैन् । पार्टीको नीति नियम पालना गर्दा पार्टी भित्र अनुशासन कायम रहने छ । अनुशासन विपरीत कार्य गरियो भने भोलिका दिनमा पार्टी भित्र अनुशासनहीनता लादिने र पार्टीसमेत कमजोर हुने भएकाले यस तिर ध्यान दिनु जरुरी छ । पार्टीका अध्यक्ष यादव सिरहामा प्रशिक्षण दिइ रहेकै बेला सप्तरीमा जिल्ला भेला गरेर नै समानान्तर समिति गठन गर्नु उचित भएन् । विद्रोहकै वीजारोपणबाट उब्जेको जसपामा विद्रोह हुनुलाई सामान्य रुपमा लिनुपर्छ । अधिकांश असन्तुष्टहरु गलत नै हुन्छ र अधिकांश पार्टीका पंक्तिमा हिड्ने सही नै हुन्छ त्यो जरुरी छैन् । पार्टी र पार्टीका शीर्ष नेताहरुले यसलाई बुझ्नु जरुरी छ । बहुसंख्यकको चाहना के छ र पार्टीलाई के गर्दा फाइदा पुग्छ त्यो हेर्नु जरुरी छ । असन्तुष्टि बढेपछि विपक्षीलाई चलखेल गर्नसक्ने मौका पर्याप्त भेटाउने भएकाले विपक्षीको चलखेललाई निस्तेज पार्नका लागि असन्तुष्टि सम्बोधन हुनु जरुरी छ । गत प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा पार्टीका अध्यक्ष उपेन्द्र यादवसहित मधेश प्रदेशका मन्त्रीसमेत पराजित भएका कुरालाई बिर्सनु हुँदैन् । उनीहरुको हारमा कतै न कतै असन्तुष्टहरुलाई विपक्षीले चलाएको बुझ्नु पर्छ । विपक्षीको नीतिलाई निस्तेज पार्न असन्तुष्टहरुलाई सम्बोधनको विकल्प छैन् । अहिले छिटफुट रुपमा देखिएको विद्रोह बिस्तारै बढ्ने छ र त्यसलाई सम्बोधन गर्न कठिनाइ हुनसक्ने परिस्थिति आउने भएकाले समयमै असन्तुष्टिलाई सम्बोधन गर्दै पार्टीलाई बचाउनु अहिलेको आवश्यकता छ । मधेशमा जसपाबाट जनतालाई धैरै नै अपेक्षा रहेका कारण असन्तुष्टि सम्बोधन हुनु जरुरी छ । त्यस कारण अहिले देखिएको विद्रोह स्वभाविक रहेको बुझ्नु जरुरी छ ।

# सयपत्री फूलखेतीको लागि 'हब' बन्दै तनहुँ

**सानेबहादुर नेपाली**

नेपालीको दोस्रो महान पर्व तिहारमा अत्यधिक मात्रामा सयपत्री र मखमली फूलको प्रयोग हुन्छ । तिहारको मुख्य दिन भाइटिकामा दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपश्चात माला लगाइदिने प्रचलन छ । गाई, गोरु र कुकुर तिहारको अवसरमा पशुलाई समेत फूलको माला लगाएर पूजा गरिने हुँदा तिहारमा सयपत्री र मखमली फूलको अत्यधिक प्रयोग हुने गर्दछ । विगतका वर्षमा भारतीय सयपत्रीको माला नेपाली बजारमा प्रशस्त पाइने गरे पनि यस वर्ष नेपाल सरकारले भारतीय माला आयातमा प्रतिबन्ध लगाएपछि नेपाली फूलले राम्रो बजार मूल्य पाउन सक्ने देखिएको छ ।

सयपत्री फूलमा आत्मनिर्भर हुन यहाँका स्थानीय सरकारले किसानलाई अनुदान प्रदान गरी प्रोत्साहन गरेका छन् । जिल्लाका दश पालिकामध्ये आँबुखैरेनी, बन्दीपुर म्याग्दे गरी तीन पालिकाले आफ्नो पालिकाभित्र फूल उत्पादनका साथै प्रवर्द्धनमा सहयोग गर्दै आएका छन् ।

छोटो अवधि र थोरै लगानीमा राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय किसान पनि फूल खेतीतर्फ आकर्षित हुँदै गएका छन् । विभिन्न स्थानीय तहमा पनि युवाले सामूहिक रूपमा वा एकल रूपमा सयपत्रीको खेती गरेका छन् । युवाले गरेको सयपत्री फूलको खेतीलाई स्थानीय तहले प्रवर्द्धन गर्न सुरु गरेको छ । जिल्लाको आँबुखैरेनी गाउँपालिकामा करिब २६ रोपनी क्षेत्रफलमा गरेको फूलखेतीबाट उत्पादन लिन सुरु गरेको गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । आँबुखैरेनी-१ स्थित याञ्चोक आमा समूह, आँधीमूल आमा समूह र मित्रता मावि परिसमा व्यवसायिक फूलखेती गरिएको हो । व्यावसायिक र आयमूलकका साथै सयपत्रीमा पालिका क्षेत्रलाई 'हब' बनाउने योजना रहेको उहाँले बताउनुभयो ।

याञ्चोकमा ३५ र आँधीमूल आमा समूहका १५ जना जनशक्ति दैनिक खट्दै आएका छन् । उक्त जनशक्तिले फूल टिप्ने र माला बनाउने कार्यमा तल्लिन हुँदै आएका छन् । असोज १५ गतेदेखि फूल टिपेर माला बनाई बिक्री समेत गर्न थालिएको छ । तयार गरिएका एक हजार थान मालामध्ये ५० प्रतिशत बिक्री भैसकेको बताइएको छ ।

महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्न सय प्रतिशत अनुदानमा फूलका बिरुवा वितरणदेखि प्राविधिक सहयोग गरेको गाउँपालिका कार्यालयले जनाएको छ । गोरखा, दमौली र काठमाडौँलगायत सहरबाट तिहारको लागि आठ हजार मालाको माग भइसकेको र माग आउने क्रम पनि जारी रहेको उहाँले बताउनुभयो ।

"मुख्य याममा गुणस्तर हेरी प्रतिमाला रु ४० देखि रु ७० सम्म बिक्री गर्ने योजना रहेको छ", उहाँले भन्नुभयो, "अफसिजनमा प्रतिमाला खुद्रा रु एक सयदेखि एक सय २० सम्म बिक्री गर्ने लक्ष्य राखिएको छ । पहिलो वर्षको अनुभव रहेकाले प्राविधिक व्यवस्थापन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "आउँदो वर्ष समयमै सुधार गर्ने गरी अहिले पूर्ण रूपमा फक्रिएका फूल टिपेर माला बनाई चिस्यान केन्द्रमा राख्न थालिएको छ ।"

सोही वडास्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्था लिमिटेडको चिस्यान केन्द्र बिग्रिएकाले गाउँपालिकाले मर्मतसम्भार गरी प्रयोगमा ल्याइएको हो । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रमअन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री प्रवर्द्धन कार्यक्रमलाई अघि बढाइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उत्पादनलाई आयआर्जनमा जोडेर स्थानीयवासीको आर्थिकस्तर उकास्ने लक्ष्य गाउँपालिका कार्यालयले लिएको उहाँ बताउनुहुन्छ ।

दुईवटा आमा समूहलाई पहिलो वर्षमा रु ९० हजार अनुदान प्रदान गरे पनि आगामी वर्षदेखि गाउँपालिकाले प्राविधिक सहयोग मात्रै गर्ने योजना रहेको छ । आमा समूहले पहिलो वर्षमा फूलखेतीबाट गरेको आम्दानीलाई बर्सेनि सयपत्री फूल व्यवसायलाई निरन्तरता दिनुपर्ने प्रावधान रहेको छ ।

मित्रता माविको हकमा भने 'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत एकमुष्ट रु तीन लाख अनुदान प्रदान गरी आयआर्जनबाट विद्यार्थीको पठनपाठनमा सहयोग गर्ने लक्ष्य गाउँपालिका कार्यालयको रहेको छ ।

त्यसैगरी जिल्लाको बन्दीपुर गाउँपालिका-५ थुम्का,कल्चोक लगायतका स्थानमा चालिस रोपनी जमिनमा फूल खेती गरिएको छ । विगत केही वर्षदेखि यहाँका स्थानीय किसानले व्यावसायिक रूपमा फूल खेती गर्दै आएका हुन् ।

फूलमा आत्मनिर्भर हुँदै आर्थिक क्षेत्रमा समेत सक्षम हुन व्यावसायिक फूल खेतीलाई निरन्तरता दिइएको किसान तामप्रसाद भट्टले जानकारी दिनुभयो । "फूलमा आत्मनिर्भर बन्दै बाह्य जिल्लामा निर्यात गर्न सफल भइएको छ", उहाँले भन्नुभयो "अघिल्ला वर्षहरूमा थोरै क्षेत्रफलमा फूल लगाए पनि यस वर्ष चार रोपनी क्षेत्रफलमा खेती गरेको छु ।"

उहाँले उत्पादित फूल जिल्लाभित्र र नारायणगढमा लगेर बिक्री गर्ने गर्नुभएको छ । प्रतिमाला रु दुई सयदेखि तीन सय ५० सम्म बिक्री हुने गरेको उहाँको भनाइ छ । यस वर्ष करिब रु डेढ/दुई लाखसम्मको फूल बिक्री हुने अपेक्षा रहेको किसान भट्ट बताउनुहुन्छ । त्यस क्षेत्रका फूल उत्पादक किसानले मुख्य याममा रु एक लाख बढीको बिक्री गर्ने गरेका छन् ।

भारतको तुलनामा नेपालमा फूल उत्पादनमा लागत बढी पर्ने भएकाले चाडपर्वको समयमा भारतबाट आउने फूलको मूल्यसँग प्रतिस्पर्धा गर्न कठिन हुने गरेको अर्का किसान नारायण लामिछानेले बताउनुभयो । यसपटक सरकारले भारतीय मालालाई आयातमा प्रतिबन्ध लगाएकाले स्वदेशी उत्पादनले प्राथमिकता पाएको बताउँदै उहाँ भन्नुहुन्छ, "स्वदेशमै उत्पादन गर्न सकिने अन्य कृषिजन्य वस्तुहरूमा पनि यसरी नै प्रतिबन्ध लगाएमा नेपाली कृषक प्रोत्साहित हुनेछन् ।" बिरुवा लगाएको चार महिनाभित्र फूल उत्पादन लिन सकिन्छ । थोरै लगानीबाट राम्रो आम्दानी गर्न सकिने भएपछि यहाँका किसान व्यावसायिक रूपमा यसतर्फ आकर्षण हुँदै गएका छन् । उक्त वडालाई बाह्रै महिना फूल उत्पादन गर्ने क्षेत्रका रूपमा विकास गर्ने योजना बनाएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो ।

आगामी वर्षदेखि उक्त वडामा नर्सरी बनाएर गाउँपालिकाले उन्नत जातको फूलको बीउमा अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइने उहाँले बताउनुभयो । उक्त क्षेत्रमा गरिएको व्यावसायिक फूल खेतीको आफूले स्थलगत अवलोकन गरिसकेको अध्यक्ष थापाले बताउनुभयो । "फूलखेतीबाट आफू प्रभावित भएको बताउँदै अध्यक्ष थापाले आगामी वर्ष समयमै गाउँपालिकाको सक्रियतामा किसानलाई प्रोत्साहन गर्ने गरी काम गरिने छ", उहाँले भन्नुभयो ।

त्यसैगरी म्याग्दे गाउँपालिका-५, स्थित ठूलोखेतमा स्थानीय सुसन पौडेलले करिब चार रोपनी क्षेत्रफलमा सयपत्री फूल खेती गर्नुभएको छ ।

म्याग्दे गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को पुष्प खेती विकास कार्यक्रमअन्तर्गत पौडेलले पालिकाबाट प्राप्त रु ५० हजार अनुदानसहित कूल रु ८० हजारको लगानीमा सयपत्री फूल खेती गर्नुभएको हो । चाडपर्वका अवसरमा बर्सेनि लाखौँ रुपैयाँ विदेशिने हुँदा स्थानीय बजार र आवश्यकतालाई दृष्टिगत गरी तिहारमा खपत हुने फूल उत्पादनमा लागेको पौडेलले बताउनुभयो ।



स्वदेशी उत्पादनसँगै स्वरोजगारको अवसर मिल्ने भएकाले आर्थिक रूपमा पनि थप टेवा पुग्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो । यस वर्ष करिब रु तीन लाख बराबरको आम्दानी गर्ने उहाँको अपेक्षा रहेको छ । तिहारमा बाह्य देशबाट आउने फूल रोक्न सकिएमा फूलको व्यवसायले रोजगारीको अवसरसँगै आर्थिक उपार्जन गर्न सहज हुने देखिएको छ ।

स्थानीयस्तरमा उत्पादित फूलको प्रयोग गरेर कृषकलाई प्रोत्साहनस्वरुप सहयोग गर्न गाउँपालिकाका सबै किसानलाई आग्रह गरिएको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । फूल आयातमै बर्सेनि ठूलो रकम विदेशिने प्रथालाई रोक्न र फूलमा आत्मनिर्भर बनाउनका लागि स्थानीय तहले फूलखेतीलाई प्राथमिकता दिन आवश्यक रहेको उहाँको भनाइ छ ।

# दिगो विकास लक्ष्यमा स्वास्थ्य: तथ्य, उपलब्धि र अबको बाटो



**डा सुशील बराल**

दिगो विकास लक्ष्यको जग भनेको सहश्राब्दी विकास लक्ष्य नै हो। सहश्राब्दी विकास लक्ष्य अन्तिम चरणमा आइपुग्दा विश्वव्यापी रूपमै कतिपय लक्ष्यहरू हासिल हुन बाँकी नै थिए। विकास अल्पकालीन नभई दिगो हुनुपर्छ भन्ने मान्यताका साथ विश्वले सन् २०१५ मा समान धारणा अबलम्वन गरेपछि विभिन्न देशहरूले राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन् । दिगो विकास लक्ष्य हरेक देशहरूको राजनीतिक प्रतिवद्धता पनि हो। दिगो विकासको लक्ष्य आफैंमा यस्तो अवधारणा बन्यो जसले गर्दा स्रोत-साधन कम भएका देशहरूमा त्यस्ता स्रोत र साधनहरू थप गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरू परिचालन गर्न, मानव स्रोतहरू तथा अन्य स्रोतहरू परिचालन गरेर लक्ष्य हासिल गर्न सहज बनाउँछ, यद्यपि, विभिन्न देशहरू दिगो विकासको लक्ष्य हासिल गर्न फरक-फरक तरिका अबलम्वन गरिरहेका छन्।

नेपालले सन् २०१५ मा सहश्राब्दी विकास लक्ष्य सकिने वर्ष र सन् २०१६ बाट दिगो विकास लक्ष्य सुरु हुने समयमा विनासकारी भूकम्पको सामना गर्नुपरेको थियो। भूकम्पको कारण जनधनको क्षति र स्वास्थ्यका उपलब्धि र सूचकहरूमा प्रभाव पारेको देखिन्छ। भूकम्प आफैंमा असाधारण, जनस्वास्थ्यको आपतकालीन अवस्था हो जसले स्वास्थ्य सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्थाहरूमा समेत अवरोध खडा भयो। स्वास्थ्यकर्मीहरू नियमित सेवा प्रवाहबाट आपतकालीन सेवा प्रवाहमा खटिनुपर्‍यो। संरचनाहरू लामो समयसम्म नबनेको अवस्थामा वैकल्पिक ठाउँबाट सेवा प्रवाह गर्नुपर्‍यो जसका कारण लक्ष्य प्राप्तिका लागि बाधा खेप्नुपर्‍यो ।

अर्को सुखद पक्ष, त्यही समयमा नेपालमा नयाँ संविधान जारी भयो। संविधानले नागरिकको मौलिक अधिकारको रुपमा स्वास्थ्यलाई परिभाषित गर्‍यो। संविधानमा टेकेर जनस्वास्थ्य ऐन तथा नियमावलीहरु बनेका छन्। नयाँ कानुनी व्यवस्थाले जनताको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने मौका मिल्यो। देश संघीयतामा प्रवेश गरेपछि तीन तहको सरकार स्थापित भयो। तीन तहको सरकारको संस्थागत संरचनाहरु बन्दै गरेको अवस्थामा तीन तहको सरकारहरूको कार्यविभाजनमा स्वास्थ्यको पनि कार्यविभाजन भएको भएको छ। संघीयतापछि राष्ट्रिय स्वास्थ्य नीति पनि तयार भएको छ। त्यसमा पनि स्वास्थ्यको अबको रोडम्याप कस्तो हुने, स्वास्थ्यमा भएका उपब्धिहरुलाई कसरी संस्थागत गर्ने र स्वास्थ्य सेवाको कार्यान्वयन थप प्रभावकारी कसरी गर्ने भन्ने कुरा निर्दिष्ट गरेको छ। नीतिगत र कानुनी रुपमा प्रष्ट भए पनि कार्यान्वयनका चरणमा भने समस्याहरू देखिएका छन्। पछिल्लो समय विश्वव्यापी कोभिड महामारीको गम्भीर असर नेपालमा पनि पर्‍यो जसका स्वास्थ्य क्षेत्रमा ठूलो असर गर्‍यो। कोभिड महामारीले समग्र स्वास्थ्य सेवा प्रणालीको चित्रलाई उजागर गरिदियो। संकटका बेला नियमित आधारभूत स्वास्थ्यलाई निरन्तरता दिनुपर्ने र साथै महामारीलाई पनि सम्बोधन गर्नुपर्ने अवस्थामा स्वास्थ्य प्रणाली पुग्यो। विद्यमान स्वास्थ्य प्रणालीको कमजोरीलाई कोभिडले उजागर गर्‍यो र स्वास्थ्य प्रणालीलाई बलियो बनाउनुपर्ने सिकाइ कोभिडले दियो ।

कुनै पनि प्रणालीले स्वास्थ्य वा अन्य संकटबाट हुन सक्ने सम्भावित क्षतिको मापन गर्न सकेन भने त्यो स्वास्थ्य प्रणाली कमजोर सावित हुन्छ। हाम्रो स्वास्थ्य प्रणालीलाई कमजोर बनाउन कोभिडले पनि भूमिका खेलेको देखिन्छ। यद्यपि, त्यसका विषय, भोगाइ र सिकाइबाट आगामी दिनमा यस्ता खालका महामारीलाई थेग्न सक्ने स्वास्थ्य प्रणालीको विकास हुनुपर्छ । विगतमा हाम्रो स्वास्थ्य प्रणालीको मुख्य उद्देश्य भनेको सर्ने रोगहरु विरुद्ध केन्द्रित थियो। त्यही अनुसार नेपालको ध्यान सरुवा रोगको महामारी व्यवस्थापनतर्फ गयो। अन्य रोकथाम गर्न सक्ने मृत्युको व्यवस्थापनसँगै, मातृ र शिशु मृत्युदर हुने कारणहरुलाई पनि हामीले व्यवस्थापन गर्दै गयौं। स्वास्थ्यको प्रणालीगत संरचना, जनशक्तिको व्यवस्थापन, तालिम जस्ता विषयहरू पनि व्यवस्थित हुँदै गए। तर जनसंख्याको परिवर्तन र रोगहरुको अवस्था परिवर्तनशील हुने हुँदा सर्ने रोगको चपेटामा हामी सधैं परिह्यौं ।

जलवायु परिवर्तन र तापक्रमको कारणले हुने औलो तथा डेंगुको क्षेत्रमा समस्या बढ्दै गएको अवस्था छ। सर्ने रोगहरु र मातृ तथा शिशु मृत्युदर कम गर्ने विषयमा स्वास्थ्य संरचना र प्रणालीको विकास गर्दै जाँदा नसर्ने रोगहरु पनि जोड दिनुपर्ने आवश्यकता देखियो । अब संविधानले तय गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय तहको भूमिका प्रभावकारी देखिएको छ। नेपालमा २०४८ सालमा राष्ट्रिय स्वास्थ्य नीति जारी भयो जसले सेवाको विस्तार गरिनुपर्ने, स्वास्थ्य सेवामा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहने कुरालाई जोड दिएको थियो। त्यतिबेला ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको अवस्था निकै कमजोर थियो। यस्तै २०५४ सालमा दीर्घकालीन स्वास्थ्य योजना जारी भयो जसले दीर्घकालीन स्वास्थ्य सेवा र लागत प्रभावकारितालाई बढी ध्यान दिएको देखिन्छ। अहिले स्वास्थ्य क्षेत्र कार्यक्रम १ र २ तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति (जसलाई स्वास्थ्य क्षेत्र कार्यक्रम तीन पनि भनिँदै आएको छ) ले स्वास्थ्य क्षेत्रलाई क्षेत्रगत रुपमा सरकार, गैरसरकारी, विकास साझेदार र अन्य संस्थाको संयुक्त लगानीमा स्वास्थ्य सेवा विस्तार गरिनुपर्छ भन्ने अवधारणा अगाडि सार्‍यो। २०७१ सालमा जारी राष्ट्रिय स्वास्थ्य नीतिले निःशुल्क आधारभूत स्वास्थ्य सेवा र राष्ट्रिय स्वास्थ्य बीमाको विषयलाई अबलम्वन गर्‍यो ।

स्वास्थ्यमा विपन्न वर्गको पहुँचमा कमी र धनीहरुको पहुँच बढेको अवस्था यो दूरीलाई दूरीलाई कम गर्नुपर्छ र स्वास्थ्य सेवा प्रवाह गुणस्तरीय हुनुपर्छ भन्ने मान्यतालाई स्वास्थ्य क्षेत्र रणनीतिले जोड दिएको छ। २०७६ सालको राष्ट्रिय स्वास्थ्य नीतिले संघीय संरचना अनुरुप स्वास्थ्य प्रणाली विकास गर्दै जाने, सेवाको गुणस्तर, पहुँच, उपयोग र वृहत सहकार्यको विषयलाई उजागर गरेको छ। दिगो विकासको लक्ष्य हासिल गर्न विभिन्न कालखण्डमा नेपालले जारी गरेका नीतिहरुको महत्वपूर्ण भूमिका देखिन्छ ।

**तथ्य र उपलब्धिले के देखाउँछ ?**

हामीले दिगो विकास लक्ष्यको कुरा गर्दा सेवाको उपलब्धतालाई नियाल्नुपर्ने हुन्छ। उदाहरणका लागि एउटा सूचकांक मानव संसाधनको विषयलाई नै हेरौँ। जनशक्तिमा नेपालले कति फड्को मार्‍यो त ? यस विषयमा दुई वटा राष्ट्रिय स्तरको सर्वेक्षण नेपाल हेल्थ फेसिलिटी सर्भे सन् २०१५ र २०२१ लाई हेरौँ। यी दुई सर्वेक्षणमा रहेको तथ्यांक हेर्दा स्वास्थ्य संस्थामा उपलब्ध नर्स र पारामेडिक्सको संख्यामा खासै वृद्धि भएको देखिँदैन। तर मेडिकल अफिसर, विशेषज्ञ चिकित्सक, एमडीजीपी चिकित्सकको उपलब्धता सन् २०१५ को भन्दा सन् २०२१ मा घटेको देखिन्छ ।

भौगोलिकताको अवस्थालाई हेर्दा चिकित्सकहरुको दरबन्दी र दरबन्दीमा चिकित्सकको उपलब्धता हेर्दा सुदूरपश्चिम र कर्णालीमा सन् २०१५ को तुलनामा २०२१ मा झनै कम उपस्थिति भएको छ। कर्णालीमा चिकित्सकको उपलब्धता ऋणात्मक हुँदै गएको छ। त्यतिबेला दरबन्दीमा ६३ दशमलव ९ प्रतिशत चिकित्सकको उपलब्धता थियो भने सन् २०२१ मा ३२ दशमलव ८ प्रतिशत मात्र देखिन्छ अर्थात् ४० प्रतिशत घटेको देखिन्छ। यसले के देखाउँछ भने हामीले आधारभूत स्वास्थ्यका लागि चाहिने जनशक्ति पनि पुर्‍याउन सकेनौं र त्यसले सेवा प्रवाहमा ठूलो असर पारेको देखिन्छ ।

स्वास्थ्य सेवा प्रवाहको अर्को महत्वपूर्ण पाटो औषधिको उपलब्धता हो। औषधिको उपलब्धतामा आधारभूत औषधिमध्ये छानेर १८ प्रकारका औषधिलाई ट्रेसरको रुपमा लिइएको छ। सर्वेक्षणको क्रममा लिइएको ट्रेसर औषधि उपलब्ध भएका स्वास्थ्य संस्था हेर्दा, सन् २०१५ मा शून्य दशमलव ८ प्रतिशत स्वास्थ्य संस्थाहरूमा मात्रै १८ वटै आधारभूत औषधिहरूको उपलब्धता देखियो। सन् २०२१ मा पनि खासै उपलब्धि हासिल गर्न सकिएको देखिँदैन। सन् २०२१ मा यी सबै औषधि उपलब्ध भएका स्वास्थ्य संस्थाहरू एक दशमलव तीन प्रतिशत मात्र देखियो । यसले सांकेतिक रुपमा के दिशानिर्देश गर्छ भने हामी अझै पनि आधारभूत स्वास्थ्य सेवाको उपलब्धतामा कमजोर छौं। खासै फड्को मार्न सकिएको छैन । सन् २०२१ को सर्वेक्षणमा स्वास्थ्य सेवाको गुणस्तरमा न्यूनतम सेवा मापदण्ड पूरा भएको अवस्था हेर्दा कुल स्वास्थ्य सेवा प्रवाहमा शून्य दशमलब ६ प्रतिशत स्वास्थ्य संस्थामा मात्र मापदण्ड अनुसारको पाइएको छ। यो आधारमा हेर्दा गुणस्तरको दृष्टिकोणले नेपालको स्वास्थ्य सेवा निकै कमजोर छ भन्न सकिन्छ। न्यूनतम मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्था धैरै नै रहेका कारण त्यहाँबाट प्रवाह गरिएको स्वास्थ्य सेवा पनि कमजोर नै हुन्छ। त्यस कारण गुणस्तरको दृष्टिकोणले पनि ठूलो फड्को मार्न सकेको अवस्था छैन ।

**स्वास्थ्य सेवाको उपभोगमा असमानता**

नेपालमा स्वास्थ्य सेवाको उपभोगमा पनि असमानता देखिएको छ। विपन्न र सम्पन्नबीच, गाउँ र सहरबीच, शिक्षित र अशिक्षितबीच र भौगोलिक अवस्थितिका आधारमा हेर्दा सेवाको उपभोगमा असमानता देखिएको छ । सन् २००१ मा अत्यन्त विपन्न महिलाको संस्थागत सुत्केरी हुने दर २ दशमलव ३ प्रतिशत थियो। त्यही समयमै धनी वर्गहरुको संस्थागत सुत्केरी हुने दर ३६ दशमलव ५ प्रतशित थियो। गरिब र धनी वर्गमा सेवाको उपभोग गर्ने दरमा ३४ दशमलव २ प्रतिशत फरक थियो। सन् २००६, २०११, २०१६ र २०२२ मा भएका सर्वेक्षण हेर्दा पनि गरिब र धनीबीचको सेवा उपभोगमा फरकपन झन् बढ्दै गएको देखिन्छ। सन् २००६ मा गरिबहरुले स्वास्थ्य संस्थामा सुत्केरी गराउने दर ४ दशमलब २ प्रतिशत थियो भने धनीहरुले स्वास्थ्य संस्थामा सुत्केरी गराउने दर ५४ दशमलब ३ प्रतिशत थियो। यसरी सन् २००६ मा धनी र गरिबबीचको दूरी ५० दशमलब १ प्रतिशतले बढ्यो।

सन् २०११ मा हेर्दा संस्थागत सुत्केरी गराउने गरिब ११ दशमलब ४ प्रतिशत पुग्यो भने धनी वर्गको ७७ दशमलब ९ प्रतिशतमा पुग्यो। गरिब र धनीबीचको खाडल झन् बढ्दै गयो। सन् २०२२ मा धनी र गरिबबीचको दूरी ३१ दशमलब ८ मा आएको छ। यस पटक केही सुधार भएको देखिन्छ। तर समग्रमा हेर्दा स्वास्थ्य सेवाहरु उपभोग गरिरहेका वर्ग औसतमा हेर्दा बढेको देखिन्छ। धनीहरुको पनि सेवा उपभोग गर्नेको संख्या बढेको देखिन्छ। गरिबहरुको पनि सेवा उपभोग गर्नेको संख्या बढेको देखिन्छ। तर धनी र गरिबबीचको उपभोगमा फरकपन भने घटाउन सकिएको छैन। अबका कार्यक्रम यो दुई वर्गबीचको खडल घटाउनेतर्फ केन्द्रित हुनुपर्छ ।

त्यसैगरी किशोरी अवस्थामा हुने गर्भवती अवस्था हेर्दा सन् १९९६ मा २३ दशमलब ९ प्रतिशत १५ देखि १९ वर्ष उमेरका किशोरी गर्भवती भएको देखिन्छ। सन् २०२२ मा यो उमेर समूहका गर्भवतीको प्रतिशत हेर्दा १३ दशमलव ६ देखियो। यो क्रमिक रुपमा घटेको देखिन्छ। तर सोही उमेर समूहका अशिक्षित महिलाहरू सन् १९९६ मा ३१ दशमलब ८ प्रतिशत गर्भवती भएका थिए भने सन् २०२२ मा हेर्दा ३२ दशमलब ७ प्रतिशत गर्भवती भएको देखिन्छ। हाम्रा कार्यक्रम अशिक्षित वर्गका किशोर-किशोरीहरूमा हुने गर्भावस्थालाई घटाउनुपर्नेमा बढी केन्द्रित हुनुपर्ने थियो। तर त्यस अनुसार नहुँदा २५ वर्षको अवधिमा पनि शिक्षित र अशिक्षितबीचमा रहेको फरकपन घटाउन सकिएन। बरु उल्टै बढेको देखियो। किरोशी अवस्थामा गर्भवती हुँदा जन्मिने शिशु र आमा दुवैलाई खतरा हुन्छ ।

जातीय हिसाबले पनि कम गर्न सकेनौं। मुस्लिम, दलित, मधेसी, जनजातिमा किशोरी अवस्थामा गर्भवती हुने दर अझै पनि धैरै छ। बाहुन क्षेत्रीमा यो दर कम छ। सन् २०२२ कै तथ्यांक हेर्दा १५ देखि १९ वर्षको उमेरमा गर्भवती हुने किशोरीको प्रतिशत मुसलमान समुदायमा २२ प्रतिशत र दलितमा २० दशमलव ७ प्रतिशत रहेको छ। बाहुन-क्षेत्रीको भने ७ दशमलव ८ प्रतिशत देखिन्छ। त्यस कारण अबका कार्यक्रमले यी विषयहरूमा पनि ध्यान पुर्‍याउनुपर्ने देखिन्छ । बालबालिकाको पोषणको अवस्था हेर्दा सन् १९९६ मा ५६ दशमलव ६ प्रतिशतमा पुड्कोपनको समस्या देखिन्छ। सन् २०२२ मा उक्त प्रतिशत घटेर २५ प्रतिशतमा झरेको देखिन्छ। उपलब्धिका दृष्टिकोणले हेर्दा यो उपलब्धि उल्लेख्य देखिन्छ। तर समानताको अवस्था हेर्दा गरिब र धनीमा फरक देखियो। गरिब र धनीबीचमा बच्चाहरुमा हुने पुड्कोपनको समस्यामा रहेको खाडल घटाउन सकिएको छैन। दिगो विकास लक्ष्य अनुसार सन् २०३० मा यो दर औसतमा १५ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ। अहिले २४ दशमलब ८ प्रतिशत रहेको छ। अब यसलाई ९ दशमलब ८ प्रतिशतले घटाउनुपर्ने देखिन्छ जुन निकै चुनौतीपूर्ण छ। तर धनी वर्गमा हेर्दा यो लक्ष्य धैरै पहिले नै हासिल भइसकेको देखिन्छ ।

सन् २०१६ मा धनी वर्गका १६ दशमलब ५ प्रतिशत बालबालिकामा मात्र पुड्कोपनको समस्या थियो। २०२२ मा त झन् उक्त दर घटेर १३ दशमलब १ प्रतिशतमा आइसकेको छ जबकी गरिब वर्गमा भने पुड्कोपनको समस्या अझै धैरै विकराल छ। सन् २०२२ को तथ्यांक अनुसार गरिब वर्गमा ३५.९ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। सन् २०२२ मा औसतमा पुड्कोपनको समस्या २४ दशलमलब ८ प्रतिशतमा देखिन्छ। गरिब वर्गमा सन् २०३० मा दिगो विकास लक्ष्य प्राप्त गर्न कम्तीमा पनि यो वर्गमा वार्षिक १०.६ प्रतिशतका दरले घट्नुपर्ने आवश्यकता देखिन्छ। यसमा पनि थप गृहकार्य गर्नुपर्ने देखिन्छ ।

**मातृशिशु मृत्युको तुलना**

मातृ र शिशुको मृत्युलाई हेर्दा पनि गरिब र धनीबीचमा निकै फरक देखिन्छ। सन् १९९६ मा प्रति एक लाख जीवित जन्ममा ५४३ आमाहरुको मृत्यु हुने गरेको तथ्यांक थियो। सन् २०२१ मा प्रति एक लाख जीवित जन्ममा मातृ मत्यु १५१ मा घट्न पुग्यो। पछिल्लो २५ वर्षमा उक्त अनुपातमा ३९२ को अन्तर देखिन्छ। यसलाई राम्रो उपलब्धि मान्न सकिन्छ। तर अहिले पनि औसतमा हरेक दिन १ दशमलब ७ (लगभग २ जना) को दरले मातृ मृत्यु भएको देखिन्छ। दिगो विकास लक्ष्य प्राप्त गर्ने हो भने अब औसत ८ दशमलब २ प्रतिशतले हरेक वर्ष यो मृत्यु घटाउनु जरुरी छ। यो राष्ट्रियस्तरको तथ्यांक हो। प्रादेशिक रुपमा हेर्ने हो भने धैरै हामी उक्त अनुपातमा ३९२ को अन्तर देख्न सक्छौं। लुम्बिनीमा २०७ मातृ मृत्यु अनुपात छ जुन ११ दशमलव ४ प्रतिशतले घटाउनुपर्ने देखिन्छ। कर्णालीमा ९ दशमलव ६ प्रतिशतले घटाउनु पर्ने देखिन्छ ।

सन् २०३० मा मातृ मृत्युदर १५१ बाट ७० मा झार्नुपर्ने लक्ष्य छ। अहिलेकै अवस्थामा त यो सम्भव छैन। यसलाई रणनीतिक हिसाबले सेवाको उपभोग, सेवाको गुणस्तर र पहुँचलाई विश्लेषण गरेर सूक्ष्म योजना बनाएर र निश्चित वर्गहरुलाई लक्षित गरेर प्रभावकारी रूपमा काम गरियो भने धैरै हदसम्म लक्ष्यको नजिक पुग्न सकिन्छ । बालमृत्यु दर घटाउने सम्भावना छ। तर नवजात शिशुको मृत्युदर कमी गर्ने सवालमा पछिल्लो ५ वर्षमा धैरै उपलब्धि देखिँदैन। तथ्यांक अनुसार सन् २०१६ मा नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१ थियो। सन् २०३० मा १२ पुर्‍याउने लक्ष्य छ। तर २०२२ मा पनि नवजात शिशुको मृत्यु प्रति एक हजारमा २१ नै देखियो। पाँच वर्षमा अलिकति पनि घट्न सकेको देखिएन। अब ७ वर्ष भित्र कसरी १२ मा आउन सक्ला ? यो गम्भीर समीक्षाको विषय हुनुपर्छ ।

सन् २०१६ मा नवजात शिशुको मृत्यु गरिबहरुमा हेर्दा ३८ छ भने धनीहरुमा १२ दशमलब ५ छ। सन् २०३० को लक्ष्य धनीहरुमा हेर्दा त यसअघि नै पूरा भएको अवस्था छ। तर गरिब परिवारका नवजात शिशुको मृत्यु कम गर्ने लक्ष्य प्राप्त गर्न अझै ५१ वर्ष लाग्ने देखिन्छ। धनी र गरिबबीचको खाडल कम गर्न सकेनौं भने अहिले देखिएको औसत तथ्यांकको उपलब्धिले खासै मान्यता राख्दैन । नवजात शिशु मृत्युमा पनि जन्मेको एकदेखि २३ घण्टासम्ममा ४० प्रतिशतको मृत्यु हुने गरेको तथ्यांक छ। यसको अर्थ जन्मेको २४ घण्टासम्म स्वास्थ्य संस्थामा आधार भूतदेखि आवश्यकता अनुसारको स्वास्थ्य सेवा भयो भने त्यो शिशुलाई बचाउन सकिने रहेछ। अर्को जन्मेको २४ घण्टादेखि ७ दिनसम्म मर्नेको संख्या २२ प्रतिशत छ। शिशु जन्मेको ७ दिनसम्म स्वास्थ्य संस्थामा राम्रो स्याहार तथा उपचार गरेर राख्न सकियो भने ६० प्रतिशत मृत्युदर रोक्न सकिन्छ ।

# प्रधानमन्त्रीसँग चिनियाँ प्रतिनिधिमण्डलको शिष्टाचार भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग चिनियाँ कम्युनिष्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ जुनझेङ नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा विहीबार भएको भेटमा आपसीहित र चासोका विविध विषयमा विचारविमर्श



भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ। सो अवसरमा प्रधानमन्त्री दाहालले हिमालयपार सम्पर्क सञ्जाल दुई देशका लागि महत्वपूर्ण भएको बताउँदै त्यसलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभएको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रधानमन्त्री दाहालले चिनियाँ सरकारको सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान प्रान्तबाट सिधा उडानको अपेक्षा गरेको बताउनुभयो।

नेपालले आसन्न विश्व जलवायु सम्मेलनमा जलवायु परिवर्तनका असरको विषयलाई मुख्य एजेण्डाका रुपमा उठाउने जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यसमा चीनजस्ता ठूला मुलुकले पनि सहयोग गर्नुपर्नेमा जोड दिनुभएको थियो। विश्वमञ्चमा जलवायु परिवर्तनले पारेको असरबारे नेपालले उठाएका विषयमा समर्थन गर्न पनि उहाँले आग्रह गर्नुभएको थियो।

प्रधानमन्त्री दाहालले नेपाल र तिब्बतको सीमामा रहेका नाका सहजरुपमा सञ्चालन गर्न चीन सरकारले पहल लिएकामा धन्यवाद दिँदै मित्रराष्ट्र चीनबाट आगामी दिनमा थप सहजीकरणसहित सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो।

नेपालमा गएको भूकम्पका समयमा चीन सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भूकम्पको पूर्व सूचना संयन्त्र विकासमा पनि नेपालले अपेक्षा गरेको उल्लेख गर्नुभयो। उहाँले ल्हासा-काठमाडौं सिधा उडानको तयारीप्रति चीन सरकारलाई धन्यवाद व्यक्त गर्नुभएको थियो।

एक चीन नीति नेपालको राष्ट्रिय नीति भएको उहाँले स्पष्ट पार्नुभएको थियो। त्यसैगरी प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सि चिनफिङको नेतृत्वमा चीनले गरेको आर्थिक प्रगतिको सराहना गर्दै 'बेल्ट एण्ड रोड' इनिसियटिभ उहाँको दूरगामी प्रयास भएको बताउनुभएको थियो। भेटवार्तामा प्रधानमन्त्री दाहालले चीनको पूर्वप्रधानमन्त्रीको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ।

चिनियाँ पक्षले ल्हासा विमानस्थलको एउटा टर्मिनलको काम सक्न बाँकी रहेको र त्यो सकिनेवित्तिकै ल्हासा-काठमाडौं प्रत्यक्ष उडान हुने प्रधानमन्त्री दाहाललाई जानकारी गराएको थियो।

त्यसैगरी सचिव जुनझेङले पूर्वाधार, नेपाल-चीन सम्पर्क सञ्जाल, आर्थिक विकास र पर्यटनका क्षेत्रमा नेपालसँग मिलेर काम गर्न चाहेको बताउनुभएको थियो। उहाँले जनताजनताबीचको सम्बन्ध विकासका लागि नेपालको प्राथमिकतामा रहेको उल्लेख गर्दै त्यसका लागि दुई देशबीचको विभिन्न तहमा भइरहेका भ्रमणले पुष्टि गर्ने बताउनुभयो।

सो अवसरमा सचिव जुनझेङले हालै जाजरकोट भूकम्पमा परी मृत्यु भएकाप्रति चीन सरकारका तर्फबाट गहिरो दुःख व्यक्त गर्दै अरु थप सहयोग गर्ने विषयमा चीन तयार रहेको बताउनुभयो।

उहाँले विगतदेखि नेपालले लिँदै आएको एक चीन सिद्धान्तप्रति नेपाल सरकारलाई धन्यवाद व्यक्त गर्नुभएको प्रेस विज्ञ तिमिल्सिनाले जानकारी दिनुभयो। यसअघि चीनसँग भएका सम्झौता कार्यान्वयन गरिने विषयमा पनि छलफल भएको प्रधानमन्त्री सचिवालयले जनाएको छ।

भेटवार्तामा नेपालका तर्फबाट प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार रुपक सापकोटा, प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द अचार्यलगायतको सहभागिता रहेको थियो।

चीनका तर्फबाट नेपालस्थित चिनीयाँ राजदूत छन् सङलगायत प्रतिनिधिमण्डलका सदस्यको उपस्थिति थियो। रासस

# युवा वैज्ञानिक अनुसन्धान सहयोग कार्यक्रम सञ्चालनमा ल्याइएको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)मार्फत युवा वैज्ञानिक अनुसन्धान सहयोग कार्यक्रम सञ्चालनमा ल्याइएको बताउनुभएको छ। नास्टको ४६औँ प्राज्ञसभालाई सम्बोधन गर्दै विहीबार प्रधानमन्त्री दाहालले नेपाली युवाहरूको अनुसन्धान क्षमता विकासका लागि अनुकूल वातावरण निर्माणका लागि चालु आर्थिक वर्षदेखि उक्त कार्यक्रम सञ्चालनमा ल्याइएको बताउनुभएको हो।




"आजको युग विज्ञान, प्रविधि र नवप्रवर्तनको हो। देशलाई समुन्नत बनाउन, आर्थिक विकास निम्ति उत्पादनसँग जोड्न र जनताको जीवनस्तर उकास्न नवप्रवर्तन एवं नवीनतम प्रविधिको महत्वपूर्ण भूमिका रहन्छ भन्ने कसैको विमति रहँदैन", नास्टका कुलपति समेत रहनुभएका प्रधानमन्त्री दाहालले भन्नुभयो, "विज्ञान र प्रविधिको अनुसन्धानमा सक्रिय रहेर, अनुसन्धानकर्तासँग सहयोग र सहकार्यमार्फत विज्ञान र प्रविधिको विस्तारलाई प्रवर्द्धन गर्दै जे-जति गर्नुभएको छ, नास्ट र यसका सहयात्री संस्थाहरूमा धन्यवाद व्यक्त गर्दछु।"

उहाँले आफू पनि विज्ञानको विद्यार्थी भएको नाताले विज्ञान तथा प्रविधिका क्षेत्रमा नेपाली वैज्ञानिक प्राविधिज्ञहरूको क्षमता र योगदानबारे अनभिज्ञ नरहेको उल्लेख गर्नुभयो। नवप्रवर्तनलाई प्राथमिकता दिई स्वदेशी प्रविधिको विकासमा धेरै काम गर्न नसके पनि अभिलेखीकरण गर्न र त्यसैका लागि केन्द्रित प्रयोगशाला स्थापनाका लागि गरेका प्रयास अनुकरणीय रहेको उहाँको भनाइ थियो।

"नेपाल अन्तरीक्ष युगमा प्रवेश गर्नुपर्ने आजको आवश्यकतालाई आत्मसात गर्दै नेपाल सरकारले नास्टमार्फत नानो स्याटेलाइट प्रक्षेपण गरिसकेको छ भने भारतीय अन्तरीक्ष अनुसन्धान संस्था (इस्रो) को सहकार्यमा मुनाल स्याटेलाइट प्रक्षेपण गर्ने तयारीमा युवा वैज्ञानिकहरूलाई समेट्दै अन्य संघ/संस्थासँग सहकार्य गर्दै वैज्ञानिकहरू जुट्नुभएको थाहा पाउँदा खुशी लागेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो। उहाँले विज्ञान प्रविधिलाई प्रदेशस्तरमा प्रवर्द्धन गर्न नास्टबाट सबै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ भइसकेको बताउँदै विज्ञान तथा प्रविधिलाई प्रदेशको आवश्यकता बमोजिमको विकासमा थप मद्दत पुग्न आशा गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

कर्मचारी र वैज्ञानिकहरूका गुनासा बिस्तारै सम्वोधन हुँदै गएको देखेको बताउँदै उहाँले नाष्ट फेरि पनि फरक प्रकृतिको काम गर्ने उद्देश्यले स्थापना भएको विशिष्ट संस्था भएको उल्लेख गर्नुभयो। "जसको नेतृत्व भर्खर आएको छ, आशा छ लामो समयदेखि यसै संस्थासँग आबद्ध हुनुहुन्छ, कर्मचारीको वृत्तिविकास, पूर्वाधारको निर्माण, प्रयोगशालालाई जीवन्त गराउनुपर्ने दायित्व, राष्ट्रिय आवश्यकताअनुसार तपाईहरूको क्षमता विकासमा यथेष्ट ध्यान जानेछ भन्ने विश्वास नेपाल सरकारले राखेको छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री दाहालले ४० वर्षमा जम्माजम्मी रु चार अर्बको बजेटबाट गरिएका विज्ञान, प्रविधि र प्रवर्द्धनात्मक कार्यहरू प्रशंसनीय भएको तर पर्याप्त नभएको उल्लेख गर्दै राज्यको ध्यान अझै विज्ञान र प्रविधिमा केन्द्रित हुन नसकेको स्वीकार गर्नुभयो। उहाँले प्राज्ञिकहरूको सुझाव र सल्लाह एवं बन्दै गरेको विज्ञान, प्रविधि र नवप्रवर्तनसम्बन्धी विधेयकअनुसार देशको रूपान्तरका लागि हातेमालो गर्दै काम गर्न निर्देशित गर्नुभयो।

सो अवसरमा उहाँले आफूले हालैको मित्रराष्ट्र चीनको भ्रमणको क्रममा विज्ञान तथा प्रविधिको विकासका लागि पनि आपसी सहयोग अभिवृद्धि गर्ने विषयमा त्यहाँका समकक्षी र अन्य नेताहरूसँग महत्वपूर्ण विचार विमर्श भएको जानकारी गराउनुभयो। त्यसका लागि नेपाललाई अहिलेको परिप्रेक्ष्यमा विज्ञान प्रविधिको विषय विधामा बढी जोड दिनुपर्ने उहाँले बताउनुभयो। यसको स्पष्ट अवधारणापत्र भएमा सहकार्य लागि उचित पहल नेपाल सरकारले गर्ने विश्वास दिलाउँदै उहाँले वैज्ञानिकहरूले देशको आवश्यकतालाई समेट्ने खालका परियोजना प्रस्तावहरू तयार गर्न जागरूक हुन आग्रह गर्नुभयो। रासस


## सखुवानन्कारकट्टी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा
### मधेश प्रदेश नेपाल

## चार पाङ्ग्रे गाडी भाडामा लिनु पर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/२४ गते**

प्रस्तुत विषयमा यस सखुवानन्कारकट्टी गाउँपालिकाको कार्यालय प्रयोजनको लागि जिप थान-१ भाडामा लिनुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको शर्तको अधिनमा रहि गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. गाडीको ब्लु बुक चालु आ.व.को नविकरण सहितको प्रतिलिपि १थान पेश गर्नु पर्नेछ।
२. गाडी धनीको नागरिकताको प्रतिलिपि १थान पेश गर्नु पर्नेछ।
३. गाडी चालकको लाईसेन्सको प्रतिलिपि १ थान पेश गर्नु पर्नेछ।
४. कबुल रकम अंक र अक्षरमा स्पष्ट खुल्ने गरि केरमेट नगरिकन लेख्नु पर्नेछ।
५. चालक सहित गाडीको सिट संख्या कम्तिमा ५ देखि ७ सिटको र एसी भएको हुनुपर्नेछ।
६. सवारी चालकको खाना र बसोबास व्यवस्था गाडी धनीले आफै गर्नु पर्नेछ।
७. इन्धन वाहेक गाडीभाडा प्रति महिना के कतिमा दिने हो, स्पष्ट खुलाउनु पर्नेछ।
८. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म शिलबन्दी पत्र यस कार्यालयको खरिद इकाईमा दाखिला गरि सक्नु पर्नेछ। सोहि दिनको १ बजे दर्ता भएका शिलबन्दी दरखास्त खोलिनेछ।
९. भाडा रकम मासिक वा एकमुष्ट रुपमा उपलब्ध गराउन सकिनेछ।
१०. गाडी भाडामा दिने सवारी धनीले चालक सहित गाडी कार्यालयलाई २४ सै घण्टा उपलब्ध गराउनु पर्नेछ।
११. अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनुपर्नेछ।
१२. गाडी बिग्रेको अवस्थामा अर्को गाडी आवश्यक भएमा गाडी धनीले उपलब्ध गराउनु पर्नेछ। अन्यथा सो अवधिको गाडी भाडा नियमानुसार कट्टा गरिनेछ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयको खरिद इकाईमा बुझ्न सकिने छ।
१४. आ.व. २०८०/८१ को असार मसान्त सम्मको लागि प्रथम पटक सम्झौता गरिनेछ। त्यस पश्चात कार्यालयको आवश्यकता अनुसार पुनः सम्झौता गरी म्याद थप हुन सक्नेछ।
१५. कार्यालयलाई आवश्यक नभएको अवस्थामा जुनसुकै बेला गाडी भाडाबाट हटाउन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## मधेश कृषि विश्वविद्यालय
### राजविराज न.पा.३, सप्तरी
### मधेश प्रदेश, नेपाल

## शिक्षक तथा कर्मचारी करार सेवामा भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२४**

यस विश्वविद्यालयमा देहाय बमोजिमका पदहरुमा शिक्षक तथा कर्मचारीहरुलाई करार सेवामा लिई कामकाज गराउन आवश्यक भएको हुँदा न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दस्तुर बुझाएको प्रमाण, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता तथा अनुभवको प्रमाण पत्र Scan गरी mau@mau.edu.np मा रितपुर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | उप प्राध्यापक/कर्मचारी | संख्या | शैक्षिक योग्यता | अनुभव वर्ष | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | Genetics and plant Breeding | १ | Genetics and plant Breeding/ plant Breeding विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| २ | Agronomy | १ | Agronomy/ Agri.conservation विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ३ | Horticulture | १ | Horticulture/Olericulture/Pomology/Floriculture विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ४ | Entomology | १ | Entomology विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ५ | Plant Pathology | १ | Plant Pathology विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ६ | Agricultural Economics | १ | Agricultural Economics विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ७ | Agricultural Extension | १ | Agricultural Extension/ Rural Development/Agri. communication विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ८ | Soil Science | १ | Soil Science/ Soil Science & Soil chemistry विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| ९ | Animal Science/Veterinary | १ | Animal Science/Veterinary/Livestock Production management/Animal Nutrition/Animal Breeding विषयमा कम्तीमा स्नातकोत्तर (Ph D लाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/ प्रसार सेवाको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव | १५००।- |
| १० | ईन्जिनियर (सिभिल) सातौं | १ | सिभिल इन्जिनियरिङ्ग विषय स्नातक उर्त्तिण | राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा विश्वविद्यालय/महाविद्यालय भवन निर्माण सम्बन्धी कम्तिमा १० वर्षको अनुभव | १०००।- |
| ११ | अधिकृत सातौं (प्रशासन) | २ | जनप्रशासन तथा व्यवस्थापन विषयमा स्नातक उर्त्तिण | सम्बन्धीत क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव | १०००।- |
| १२ | प्राविधिक अधिकृत-छैठौं (फार्म व्यव्सथापन) | १ | कृषि वा पशु विज्ञानमा स्नातक उर्त्तिण | कृषि/पशु फार्म/अनुसन्धान क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव | ९००।- |
| १३ | कम्प्यूटर अपरेटर (पाँचौ) | २ | सम्बन्धीत विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तिण | सम्बन्धीत क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव | ७००।- |
| १४ | ल्याब असिस्टेन्ट (पाँचौं) | २ | कृषि वा पशु विज्ञानमा डिप्लोमा वा प्रविणता प्रमाणपत्र तह उर्त्तिण | सम्बन्धीत क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव | ६००।- |
| १५ | फार्म सहायक (पाँचौं) | २ | कृषि वा पशु विज्ञानमा डिप्लोमा वा प्रविणता प्रमाणपत्र तह उर्त्तिण | सम्बन्धीत क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव | ६००।- |
| १६ | पुस्तकालय सहायक (पाँचौं) | १ | प्रविणता प्रमाणपत्र तह उर्त्तिण गरि कम्तिमा तिन महिनाको पुस्तकालय विज्ञानको तालिम लिएको | पुस्तकालय व्यवस्थापनको क्षेत्रमा काम गरेका र कम्प्यूटर सम्बन्धीलाई ग्राहयता | ६००।- |
| १७ | भारी सवारी चालक (श्रेणी विहिन) | १ | कम्तिमा सम्बन्धीत वर्गको सवारीचालक अनुमतिपत्र प्राप्त | भारि सवारी चालक भई कम्तिमा ३ वर्ष काम गरेको | ५००।- |
| १८ | कार्यालय सहयोगी (श्रेणी विहिन) | ४ | साधारण लेखपढ जानेका | कम्प्यूटर सम्बन्धी अनुभव भएकालाई ग्राहयता | ४००।- |

**पदपुर्ति सम्बन्धी अन्य शर्तहरू**

१. दरखास्त दिने अवधीः- २०८०/०७/२४ देखि २०८०/०८/०८ सम्म
२. उमेरको हदः क्र.सं. १ देखि ११ सम्म २१ वर्ष पुरा भई ५५ वर्ष ननाघेको र क्र.सं. १२ देखि १८ वर्ष पुरा ४५ वर्ष ननाघेको।
३. परिक्षाको किसिम र समयः- क्र.सं. १७ र १८ वाहेकका आवेदनहरुको हकमा लिखित, प्रस्तुतीकरण/प्रयोगगात्मक र अन्तर्वार्ता र परिक्षाको मिति र समय सम्पर्क मितिमा तोकिने छ।
४. आवेदन दस्तुर मधेश कृषि विश्वविद्यालयको नाममा प्रभु बैंक, राजविराज, सप्तरीको खाता नं. ०६९०१५४२१८७०००१२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न गर्नु पर्नेछ।
५. सम्पर्क मितिः पछि तोकिने छ र विस्तृत जानकारी विश्वविद्यालयको वेवसाईटः www.mau.edu.np बाट हेर्नु पर्ने छ।

**मधेश कृषि विश्वविद्यालय प्रशासन**

# रुसलाई हतियार दिएको भन्दै अमेरिका र दक्षिण कोरियाद्वारा उत्तर कोरियाको आलोचना

एएफपी

सोल । आफ्नो प्रमुख सहयोगी दक्षिण कोरियाका शीर्ष अधिकारीहरूसँगको बैठकपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनले बिहीबार युक्रेनमाथि रुसी आक्रमणमा सहयोग गर्न रुसमा हतियार पठाएकामा उत्तर कोरियाको आलोचना गर्नुभएको छ ।

अमेरिका, दक्षिण कोरिया र जापानले हालैका सातामा युक्रेनमा रुसको सैन्य अभियानलाई अगाडि बढाउन सहयोग गरेकामा प्योङ्याङको आलोचना गर्दै आएका छन् । उत्तर कोरियाले रुसमा १० लाख तोप पठाएको सोलले बताएको छ ।

जापानमा जी-७ का विदेशमन्त्रीहरूको बैठकपछि ब्लिङ्केन अहिले सोलमा हुनुहुन्छ । उहाँले बिहीबार दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलसँग सोलमा भेटवार्ता गर्नुभएको छ । "उहाँहरूले युक्रेनविरुद्धको युद्धमा प्रयोगका लागि उत्तर कोरियाले रुसलाई सैन्य उपकरण र युद्ध सामग्री उपलब्ध गराएकामा कडा निन्दा




गर्नुभएको छ", राष्ट्रपति युनसँग विदेशमन्त्री ब्लिङ्केनको भेटपछि अमेरिकी विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, "गाजामा सर्वसाधारणलाई मानवीय सहयोग प्रदान गर्ने दक्षिण कोरियाको प्रतिबद्धताका लागि ब्लिङ्केनले राष्ट्रपति युनलाई धन्यवाद दिनुभएको छ ।"

इजराइल-हमास युद्धमाथि कुराकानी गर्न मध्यपूर्वको शीघ्र भ्रमणपछि ब्लिङ्केनले एसियाली मुलुकको भ्रमण गर्नुभएको हो । यसअघि बिहीबार ब्लिङ्केनले दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार चो ताए-योङसँग भेटवार्ता गर्नुभएको थियो । अमेरिकी विदेश मन्त्रालयका अनुसार युक्रेनलाई सहयोग उपलब्ध गराउने दक्षिण कोरियाको प्रतिबद्धताप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो ।

पहिलाको आणविक हतियार र मिसाइल कार्यक्रम एवं युक्रेनमाथि आक्रमणलाई लिएर ऐतिहासिक सहयोगी रुस र उत्तर कोरिया दुवै अन्तर्राष्ट्रिय प्रतिबन्धको अधीनमा छन् । विशेषगरी सेप्टेम्बरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग उत्तर कोरियाली नेता किम जोङ उनको शिखर वार्तापछि दुई मुलुकबीचको बढ्दो सैन्य सहयोग युक्रेन र उसका सहयोगीहरूका लागि चिन्ताका विषय बनेको छ । अन्तरिक्षमा सैन्य जासुसी उपग्रह स्थापना गर्न सकियोस् भन्ने उद्देश्यले रुसी अन्तरिक्ष प्रविधिको बदलामा प्योङ्याङले रुसलाई हतियार उपलब्ध गराइरहेको दक्षिण कोरियाले बताएको छ । टोक्योमा ब्लिङ्केनले भन्नुभएको थियो, "प्योङ्याङबाट रुसले जुन हतियार र युद्ध सामग्री प्राप्त गरिरहेको छ, त्यसको बदलामा उसले प्योङ्याङलाई के प्रदान गरिरहेको छ भन्ने कुराले हामी अत्यन्त चिन्तित छौं ।"

उत्तर कोरियाले रुसलाई हतियार पठाइरहेको छ भन्ने 'कुनै प्रमाण' नभएको क्रेमलिनले गत महिना बताएको थियो ।

"उत्तर कोरिया र रुसबीचको यो नयाँ सहयोगलाई ध्यानमा राख्दै दक्षिण कोरियाले अमेरिकी समर्थनको प्रदर्शन र संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धहरूलाई कायमै राख्नका लागि अमेरिकी प्रतिबद्धतालाई एक पटक पुनः पुष्टि गर्न चाहन्छ", सोल नेसनल युनिभर्सिटीका प्राध्यापक बेन्जामिन ए एङ्गेलले एएफपीलाई भन्नुभयो, "यो भ्रमण यस्तै गर्नका लागि डिजाइन गरिएको हो ।"

# नेपालले खेल्ने २०२४ को टि २० विश्वकप बारे सम्पूर्ण जानकारी

काठमाण्डु । नेपालले आइसिसी टि२० विश्वकप २०२४ मा सहभागिता जनाउनेछ । अघिल्लो साता नेपालले आइसिसी टि२० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको सेमिफाइनलमा युएईलाई ८ विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको हो । नेपालले २०१४ मा पहिलो पटक बंगलादेशमा टि२० विश्वकप खेलेको थियो । त्यसपछि नेपालले विश्वकपमा स्थान बनाउन सकेको थिएन । नेपाल एसिया र ग्लोबल क्षेत्र छनोटबाट बाहिरिदै आएको थियो । नेपालले २०२४ मा अमेरिका र वेस्टइन्डिजमा आयोजना हुने विश्वकप खेल्ने बारे सम्पूर्ण जानकारी यस प्रकार छ ।

*आयोजना मिति - २०२४, जुन ४ देखी ३० सम्म ।*

*आयोजक : अमेरिका र वेस्टइन्डिज संयुक्त रुपमा ।*

पहिलो पटक २० टोली : यस विश्वकप देखी २० टोलीले प्रतिस्पर्धा गर्नेछन् । यसअघि टि२० विश्वकपमा १६ टोलीले खेल्दै आएका थिए । तर आइसिसीले चार टोलीको सङ्ख्या थप्दै २० पुर्याएको हो । त्यसैको कारण एसिया क्षेत्रलाई दुई टोली दिएको थियो । नेपाललाई विश्वकपमा स्थान बनाउन सहज भएको थियो ।

विश्वकप खेल्ने टोली : अमेरिका, वेस्टइन्डिज, अष्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका, अफगानिस्तान, बंगलादेश, आयरल्यान्ड, स्कटल्यान्ड, पपुवा न्युगिनी, क्यानडा, नेपाल, ओमान र दुई टोली टुङ्गो लाग्न बाँकी ।




**दुई टोलीको टुङ्गो लाग्न बाँकी**

अब अफ्रिका छनोटबाट दुई टोली आउनेछन् । अफ्रिका छनोट २२ देखी ३० नोभेम्बर सम्म नामिबियामा हुँदैछ । उक्त छनोटमा टेस्ट टोली जिम्बावेसँगै नामिबिया, केन्या, नाइजेरिया, रवान्डा, तान्जानिया र युगान्डा गरि ७ टोली छन् ।

सिंगल राउन्ड रोबिनको आधारमा हुने खेलमा शीर्ष दुई टोलीले विश्वकप खेल्न पाउनेछन् । कुनै आश्चर्य नतिजा नआएमा जिम्बावे र नामिबियाले विश्वकप खेल्ने देखिन्छ ।

**को सँग खेल्छ नेपालले ?**

नेपालले कोसँग खेल्छ समूह विभाजनपछि मात्रै थाहा हुनेछ । आइसिसीले हालसम्म समूह विभाजन गरेको छैन ।

चार समूह : २० टोलीलाई चार समूहमा विभाजन गर्नेछ । हरेक समूहमा पाँच टोली हुनेछन् । नेपालको समूहमा एक समूहमा कम्तिमा दुई टेस्ट टोली हुने पक्का छ । हरेक समूहमा एक ठूला टेस्ट टोली हुनेछन् ।

**शीर्ष दुई टोली सुपर ८ मा**

समूहमा एक टोलीले चार खेल खेल्न पाउनेछन् । जसबाट शीर्ष दुई टोलीले सुपर ८ मा स्थान बनाउनेछन् । सुपर ८ मा दुई समूहमा विभाजन गरिनेछ । शीर्ष दुई दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् । नेपालले अमेरिका वा वेस्टइन्डिजमा खेल्ने त्यो समूह विभाजन र आइसिसीको तालिकापछि मात्रै थाहा हुनेछ । नेपालको खेल अमेरिकामा पर्ने सम्भावना धेरै छ ।

**कुन टोली कसरी छनोट ?**

आयोजक : अमेरिका र वेस्टइन्डिज आयोजक हुँदा सोझै छनोट भएका हुन् । शीर्ष ८ टोली : गतवर्ष विश्वकपमा शीर्ष आठमा रहँदै अष्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले सोझै स्थान बनाएका थिए ।

वरियता आधार : आयोजक दुई, टि२० विश्वकप २०२२ मा शीर्ष आठ टोली बाहेक वरियतामा माथि रहँदै अफगानिस्तान र बंगलादेशले सोझै छनोट भएका थिए । युरोप क्षेत्र छनोट : सिंगल राउन्ड रोबिनको आधारमा भएको प्रतियोगितामा आयरल्यान्ड र स्कटल्यान्ड शीर्ष दुई स्थानमा रहँदै छनोट भएका हुन् । उक्त प्रतियोगितामा स्कटल्यान्ड, आयरल्यान्ड, इटाली, जर्सी, जमर्नी, डेनमार्क र अष्ट्रियाले प्रतिस्पर्धा गरेका थिए ।

**इस्ट एसिया प्यासिफिक छनोट** :

डबल राउन्ड रोबिनको आधारमा भएको उक्त प्रतियोगितामा पपुवा न्युगिनी शीर्ष स्थानमा रहँदै छनोट भएको हो । उक्त प्रतियोगितामा पपुपा न्युगिनी, जापान, भानुआतु र फिलिपिन्सले प्रतिस्पर्धा गरेका थिए ।

**अमेरिका छनोट** :

डबल राउन्ड रोबिनको आधारमा भएको उक्त प्रतियोगितामा क्यानडा शीर्ष स्थानमा रहदै छनोट भएको हो । उक्त प्रतियोगितामा क्यानडा, बर्मुडा, केमान आइसल्यान्ड र पानमाले प्रतिस्पर्धा गरेका थिए ।

**एसिया क्षेत्र छनोट** :

नेपाल र ओमानले सेमिफाइनल जित्दै स्थान बनाएका हुन् । प्रतियोगिता समूह ए मा नेपाल, सिंगापुर, मलेसिया र ओमान थिए । समूह बी मा युएई, कुवेत, बहराइन र हङकङ थिए । समूह चरणबाट सेमिफाइनल हुँदै विश्वकपमा छनोट बनाएका हुन् ।

नेपालले युएईलाई ८ विकेट र ओमानले बहराइनलाई १० विकेटले हराउँदै विश्वकपमा स्थान बनाएका थिए । समूह चरणमा प्रतिस्पर्धा भएको यो एकमात्रै प्रतियोगिता हो ।

# पाकिस्तानले आर्थिक सामाजिक चुनौती सामना गर्न प्रयास गर्छ : राष्ट्रपति

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानका राष्ट्रपपति आरिफ अल्वीले राष्ट्रिय अर्थतन्त्रलाई असर पार्ने दीर्घकालीन समस्याको सम्बोधन गर्न सबै सरोकारको सामूहिक प्रयासलाई सरकारले जोड दिइरहेको बताउनुभएको छ ।

बुधबार एक समारोहमा उहाँले भन्नुभयो, "एउटा मुलुकको हैसियतमा हामीले आर्थिक र सामाजिक क्षेत्रमा आफ्ना प्राथमिकताहरू निर्धारण गर्नुपर्छ र आफ्नो देशलाई सुदृढ बनाउनु पर्छ ।"

उहाँले सरकारले विदेशी लगानी आकर्षित गर्न र त्यसमा तीव्रता ल्याउन तथा मुलुकमा सहज व्यापारलाई अगाडि बढाएर अर्थतन्त्रलाई स्थिर गर्नका लागि विभिन्न कदम चालेको र त्यसमा केही पहल सुरु भएको बताउनुभयो ।

राष्ट्रपति अल्वीले अवैध तस्करीविरुद्धको पछिल्लो कारवाहीले स्थानीय उद्योगमाथि सकारात्मक प्रभाव परेको उल्लेख गर्दै करको दायरालाई अझ बढाउने र करको दायराभन्दा बाहिर रहेका व्यक्ति तथा व्यवसायलाई दायराभित्र ल्याउने प्रयास भइरहेको बताउनुभयो ।

# बङ्गलादेशमा तयारी पोशाक श्रमिकमाथि प्रहरीद्वारा अश्रुग्यास प्रहार

एएफपी

गाजिपुर । सरकारले प्रस्ताव गरेको पारिश्रमिक वृद्धिलाई अस्वीकार गर्ने तयारी पोशाक श्रमिकको विरोध प्रदर्शनमा हिंसा भड्किएपछि बङ्गलादेश प्रहरीले बिहीबार रबरको गोली र अश्रुग्यास प्रहार गरेको अधिकारी र प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

सरकारले नियुक्त गरेको प्यानलले मङ्गलबार मुलुकको तयारी पोशाक कारखानाका ४० लाख श्रमिकका लागि पारिश्रमिकमा ५६ दशमलव २५ प्रतिशतले वृद्धि गरेको थियो । श्रमिकहरूले भने आफ्नो मासिक पारिश्रमिकमा करिब तीन गुणाले वृद्धि गर्नुपर्ने माग गरिरहेका छन् ।

बङ्गलादेशको तीन हजार पाँच सय तयारी पोशाक कारखानाले मुलुकको ५५ अर्ब अमेरिकी डलरको वार्षिक निर्यातमा करिब ८५ प्रतिशत योगदान गर्दछन् । यी कारखानाले लेभी, जारा र एच एन्ड एमलगायत विश्वका थुप्रै शीर्ष ब्रान्डहरूलाई तयारी पोशाक आपूर्ति गर्दछन् ।

तर यो क्षेत्रका ४० लाख श्रमिकमध्ये धेरैको स्थिति दयनीय छ । यिनीहरूमा अधिकांश महिला छन् र उनीहरूको मासिक पारिश्रमिक आठ हजार तीन सय



टाका (७५ अमेरिकी डलर) बाट सुरु हुन्छ । एक हजारभन्दा बढी श्रमिकले प्यानलको प्रस्तावलाई अस्वीकार गर्दै एउटा राजमार्गमा विरोध प्रदर्शन गरेपछि राजधानी ढाकाबाहिरको औद्योगिक सहर गाजिपुरमा हिंसा भड्किएको प्रहरीले जनाएको छ ।

"श्रमिकहरूले सडक अवरुद्ध गर्ने प्रयास गरेपछि हामीले उनीहरूलाई तितरबितर गर्न अश्रुग्यास र रबरको गोली प्रयोग गर्नुपर्‍यो", घटनास्थलमा रहेका एएफपीका संवाददातालाई गाजिपुरका प्रहरी उपप्रमुख अशोककुमार पालले भन्नुभयो । श्रमिकहरूले अधिकारीहरूमाथि ईँटा र ढुङ्गा प्रहार गरेको र सडकमा आगो लगाएको प्रहरीले जनाएको छ ।

श्रमिकहरूले २३ हजार टाकासम्म पारिश्रमिक वृद्धिको माग गरिरहेका छन् र उनीहरूको प्रतिनिधित्व गर्ने युनियनहरूले प्यानलको वृद्धि प्रस्तावलाई 'हास्यास्पद' भन्दै अस्वीकार गरेका छन् । उत्तरी ढाकाको उपनगर अशुलियामा पनि कयौँ हजार श्रमिकले कारखाना छोडेको प्रहरीले बताएको छ ।

गत साता प्रमुख औद्योगिक सहरहरूमा पारिश्रमिकसम्बन्धी विरोध प्रदर्शन सुरु भएपछि कम्तीमा तीन श्रमिकको मृत्यु भएको प्रहरीले बताएको छ । तीमध्ये बुधबार २३ वर्षीया एक महिलाको गोली हानी हत्या गरिएको थियो । विरोध प्रदर्शनमा कम्तीमा पाँच प्रहरी अधिकारी पनि घाइते भएका छन् ।

युनियनहरूले प्यानलको पारिश्रमिक वृद्धि खाना, घरभाडा र छोराछोरीको शिक्षा तथा हेरचाहको बढ्दो मूल्यअनुसार नभएको बताएका छन् ।

# राष्ट्रिय टोलीको कप्तानमा इन्दु नियुक्त

काठमाण्डु । अलराउन्डर इन्दु वर्मा नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको कप्तान नियुक्त भएकी छिन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले विहिबार हङकङ टुरको लागि घोषणा गरेको टोलीमा इन्दुलाई कप्तानको जिम्मेवारी दिइएको हो । यसअघि टोलीको कप्तान रहेकी रुविना टोलीको सदस्य रहँदा बायाँ हाते ब्याटर विन्दु रावललाई उपकप्तान बनाइएको छ । पुर्व उपकप्तान सीता राना मगर पनि टोलीमा सदस्य छिन् । टोलीमा कन्चन श्रेष्ठ, सोमु विष्ट र सोनी पाखिन नयाँ खेलाडी रहेका छन् ।



क्यानका सचिव पारस खड्काले इन्दुलाई यस प्रतियोगिताका लागि कप्तान नियुक्त गरिएको जानकारी हाम्रो खेलकुदलाई दिए । 'इन्दुलाई यस प्रतियोगितामा पहिलो पटक कप्तानको जिम्मेवारी दिएका छौँ । छनोट समिति र क्रिकेट म्यानेजरबाट नेतृत्व परिवर्तनको लागि सिफारिस भएकाले हामीले बोर्ड बैठकबाट नै यो निर्णय लिएका हौं । रुविना खेलाडीको भूमिकामा अझैपनि प्रदर्शन गर्न सक्ने खेलाडी हो, त्यसैले कप्तानमा मात्र परिवर्तन गरिएको हो,' खड्काले भने ।

'हामीले यसलाई दिर्घकालीन रुपमा पनि हेर्नुपर्छ । महिला क्रिकेटले निकै सम्भावना बोकेको छ र यस प्रतियोगितामा इन्दुलाई जिम्मेवारी दिएका छौं,' उनले थपे ।

नेपालले हङकङमा चार देश सम्मिलित टि२० सिरिज खेल्दैछ । उक्त सिरिजमा नेपालसँगै तान्जानिया, जापान र हङकङले खेल्नेछन् । नेपालले कार्तिक २९ गते तान्जानिया, कार्तिक ३० गते हङकङ र मंसिर २ मा जापानसँग खेल्नेछ । फाइनल र तेस्रो स्थानको खेल मंसिर ३ मा हुनेछ ।

**नेपाली टोली:**

इन्दु वर्मा (कप्तान), विन्दु रावल (उपकप्तान), रुविना क्षेत्री, सिता रानामगर, अश्मिना कर्माचार्य, काजोल श्रेष्ठ, रोमा थापा, संगीता राई, सम्झना खड्का, खुसी डंगोल, पुजा महतो, कन्चन श्रेष्ठ, सोमु विष्ट, सोनी पाखिन

# सशस्त्र विद्रोहले म्यान्मालाई टुक्र्याउने खतरा छ- जुन्ता समर्थित राष्ट्रपति

एएफपी

याङ्गुन । सेनाले चीनसँगको सीमामा जातीय सशस्त्र समूहरूहरूको संयुक्त हमलालाई दबाउन नसके म्यान्मा टुक्रिने जोखिममा रहेको जुन्ता समर्थित राष्ट्रपतिले बिहीबार बताउनुभएको सरकारी मिडियाले बताएको छ ।

चीनको सीमा नजिकै शान राज्यमा करिब दुई सातादेखि द्वन्द्व सुरु भएको छ । विश्लेषकहरूका अनुसार सन् २०२१ मा सत्ता कब्जा गरेयता जुन्ताका लागि यो द्वन्द्व सबैभन्दा ठूलो सैन्य चुनौती हो ।

"यदि सरकारले सीमा क्षेत्रमा हुने घटनाहरूमाथि प्रभावकारीरूपमा नियन्त्रण गर्न सकेन भने मुलुक कयौँ हिस्सामा विभाजित हुनेछ", राष्ट्रपति मिन्ट स्वेको बुधबारको भनाइ उद्धृत गर्दै ग्लोबल न्यु लाइट अफ म्यान्माले बताएको छ । ता'आङ नेसनल लिबरेसन आर्मी (टिएनएलए), आराकान आर्मी (एए) र म्यान्मा नेसनल डेमोक्रेटिक अलायन्स आर्मी (एमएनडिए) ले आफूहरूले म्यान्माको ठूलो व्यापारिक साझेदार चीनसँग जोड्ने सैन्य चौकीहरू कब्जा गरेको र चीनजाने महत्त्वपूर्ण मार्गमा अवरोध गरेको बताएका छन् ।

जुन्ताले एउटा प्रमुख व्यापार केन्द्रमाथिको नियन्त्रण गुमाएको स्वीकार गरेको छ । यद्यपि उसले कयौँ दिनको द्वन्द्वको प्रगतिबारे कुनै टिप्पणी गरेको छैन ।

जुन्ता प्रमुख मिन आङ ह्लाइङ र अन्य शीर्ष अधिकारी सहभागी राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा राष्ट्रपति मिन्ट स्वेले त्यस्तो टिप्पणी गर्नुभएको हो । उहाँ आङ सान सु कीको प्रजातान्त्रिकरूमा निर्वाचित सरकारअन्तर्गत उपराष्ट्रपति हुनुहुन्थ्यो । उक्त सरकारलाई सेनाले सन् २०२१ मा अपदस्थ गरेको थियो । पछि जुन्ताले उहाँलाई कार्यवाहक राष्ट्रपति नियुक्त गरेको थियो । "जुन्ता सैनिकको जीवनको बलिदानले केही हदसम्म स्थायित्व बहाल गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

म्यान्माका सीमाहरूमा एक दर्जनभन्दा बढी जातीय सशस्त्र समूहको घर छ जहाँ केहीले स्वायत्तता र आकर्षक स्रोतहरूमाथि नियन्त्रण गर्नका लागि दशकौँदेखि सेनासँग लडाइँ लडिरहेका छन् । केहीले नयाँ 'पिपुल्स डिफेन्स फोर्सेज (पिडिएफ)' लाई प्रशिक्षित र सुसज्जित गरेका छन् ।

# जलवायु वार्तामा अमेरिकासँग 'सकारात्मक परिणाम' आएको छ- चीन

एएफपी

बेइजिङ । चीनले दुबईमा कोप२८ शिखर सम्मेलन हुनुभन्दा पहिलाक्यालिफोर्नियामाअमेरिकासँग भएको जलवायुसम्बन्धी वार्तामा 'सकारात्मक परिणाम' आएको बिहीबार बताएको छ । चीन र अमेरिका विश्वका सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक हुन् ।

बेइजिङको पारिस्थितिकीय तथा पर्यावरण मन्त्रालयका अनुसार अमेरिकी जलवायु दूत जोन केरी र उहाँका चिनियाँ समकक्षी झि झेनहुवाबीच बुधबार भएको कुराकानी 'सफलतापूर्वक सम्पन्न' भएको छ । "दुवै पक्ष विचारहरूको विस्तृत र गहिरो आदानप्रदानमा संलग्न रहे र द्विपक्षीय जलवायु परिवर्तन सहयोग र कार्यको विकासमा सकारात्मक परिणाम हासिल गरे", मन्त्रालयले भनेको छ, "बेइजिङ र वासिङ्टन कोप२८ सम्मेलनको सफलताका लागि संयुक्तरूपमा प्रयास गर्न सहमत भएका छन् ।"

कोप२८ शिखर सम्मेलनका लागि मुलुकहरू यसै महिनाको अन्त्यमा संयुक्त अरब इमिरेट्मा भेला हुनेछन् । विश्वव्यापी तापक्रमलाई सीमित गर्नका लागि आम सहमति बनाउनु शिखर सम्मेलनको उद्देश्य रहेको छ ।

विश्वमा सबैभन्दा धेरै हरितगृह ग्यास उत्सर्जक चीनले सन् २०३० सम्ममा कार्बनडाइअक्साइडको अधिकतम उत्सर्जन गर्ने र सन् २०६० सम्ममा कार्बन तटस्थ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । उक्त प्रतिबद्धताले आफ्नो लक्ष्यलाई अधिक महत्त्वाकांक्षी बनाउन सक्छ भन्ने पश्चिमी कूटनीतिज्ञहरूको सुझावलाई चीनले खारेज गरेको छ ।

# स्पेनी प्रधानमन्त्री साञ्चेजद्वारा क्याटलोनियाली पृथकतावादी समूहसँग सम्झौता

सिन्ह्वा

मड्रिड । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले क्याटलोनियाका पृथकतावादी समूसँग सत्तामा रहिरहन सक्ने गरी सम्झौता गरेको अधिकारीहरूले बिहीबार बताएका छन् । प्रधानमन्त्री सान्चेजको सोसलिस्ट पार्टीले जुलाई २३ मा भएको संसदीय चुनावमा दोस्रो स्थान हासिल गरेपछि सत्ता समीकरणका लागि नोभेम्बर २७ सम्म नयाँ गठबन्धन बनाउने वा नयाँ चुनावको सामना गर्नेमध्ये दुई विकल्प रहेका छन् ।

सान्चेजलाई क्याटलानी स्वतन्त्रतावादी दलहरूको समर्थनको आवश्यकता छ । सन् २०१७ मा एक असफल अलगाव प्रयासमा सम्लग्न भएपछि उनीहरूको भूमिकाको स्पेनभरि आलोचना भएको थियो । सम्झौताले



स्वतन्त्रता अभियानमा संघीय सरकार र अदालतको निर्देशन विपरित स्वतन्त्रता घोषणा अभियानको सक्रिय नेतृत्व गरेका सबै क्षेत्रीय नेता तथा कार्यकर्तालाई आममाफी प्रदान गर्नको लागी उनीहरूले राखेको माग स्वीकार गरेको छ ।

उहाँले आममाफी दिने अत्यन्त विवादास्पद विधेयक प्रस्ताव गर्नुभएको छ । यसको जवाफमा, परम्परावादी विपक्षी पार्टीहरू र स्पेनको न्यायपालिकाका सदस्यहरूले आलोचना बढाएका छन्, केहीले सान्चेजलाई भ्रष्टाचारको आरोप लगाउँदै कानूनी शासन लत्ताएको बताएका छन् । प्रस्तावित विधेयकको विरोधमा राजधानी मड्रिडमा हजारौंले ऱ्याली निकालेका छन् भने यसै हप्ता देशमा कैयौं दिनसम्म तनावपूर्ण प्रदर्शन भइरहेको छ ।

# साल्टट्रेडिङ कर्पोरेशनले चिनीको 'कोटा' बढायो

काठमाण्डु ।साल्टट्रेडिङ कर्पोरेशनले खुद्रा किराना पसलेलाई बिक्रीका लागि प्रदान गर्दै आएको चिनीको 'कोटा' बढाएको छ। कर्पोरेशनले गत मङ्गलबारदेखि उनीहरुलाई व्यवसाय दर्ता प्रमाणपत्रका आधारमा प्रतिपसल १० बोराबाट २० बोरा पु¥याएको हो।

प्रतिबोरा चिनीको मात्रा ५० केजी हुन्छ। कर्पोरेशनका व्यवस्थापक ब्रजेश झाका अनुसार हालसम्म चार सय ५० भन्दाबढी खुद्रा पसलले पाँच हजार बोराभन्दा बढी चिनी बिक्रीका लागि कर्पोरेशनबाट लगिसकेका छन् ।

उहाँले भन्नुभयो, "काठमाडौँ उपत्यकासहित अन्यत्रका खुद्रा किराना पसलेले कर्पोरेशनबाट चिनी लिन सक्छन् ।" उहाँका अनुसार सरकारले नै निर्धारण गरिदिएको प्रतिकेजी एकसय १२ रुपैयाँ ५० पैसामा खुद्रा बिक्री कर्तालाई चिनी बिक्री गरेको हो।

कर्पोरेशनले चाडबाड लक्षित सहुलियत दरको चिनी प्रतिकेजी रु ९७ मा प्रतिव्यक्ति दुई केजीका दरले बिक्री गर्दै आएको छ। सरकारले नियन्त्रणमा लिएको सात सय क्विन्टल चिनी नै कर्पोरेशनले सहुलियत दरमा बिक्रीवितरण गरिराखेको हो।

दसैं, तिहार, छठजस्ता मुख्य चाडबाडमा देशभर ३५ हजार मेक्ट्रिकटन चिनी खपत हुने गरेको आँकडा छ। तर सरकारले समन्वयकारी भूमिका निर्वाह गर्न नसक्दा पर्वका समयमा आमउपभोक्ताले सधैं चिनीको समस्या भोग्दै आउने गर्दछन् ।

सरकारले कर्पोरेशनलाई भार तसँग जिटुजीमार्फत १० हजार मेक्ट्रिकटन चिनी आपूर्तिका लागि अनुमति दिएको थियो।

तर भारत सरकारले केही महिना अगाडि चिनी निर्यातमा परिमाणात्मक बन्देज लगाएपछि आयात रोकिएको छ। कर्पोरेशनले चिनी बिक्री वितरणलाई सहज बनाउन उच्च प्राथमिकता दिएको व्यवस्थापक झाले बताउनुभयो। रासस

# एसियाका बैंकलाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

काठमाण्डु। अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा लगानी गर्न एसियाका बैंकहरुलाई आग्रह गर्नुभएको छ । विहीबारदेखि यहाँ सुरु भएको एसियन बैंकर सङ्घको सम्मेलनमा अर्थमन्त्री डा महतले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको भन्दै एसियन मुलुकका बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ)समक्ष लगानी गर्न आह्वान गर्नुभयो।

"नेपालमा निजी क्षेत्रका साथै विदेशी लगानीकर्ताका लागि ठूलो सम्भावना छ", अर्थमन्त्री डा महतले भन्नुभयो, "भारतले १० वर्षमा १० हजार मेगावट जलविद्युत खरिद गर्ने प्रतिवद्धता जनाइसकेको अवस्थामा जलविद्युतमा लगानीको प्रशस्त सम्भावना छ । त्यसैले जलविद्युत्मा ढुक्कसँग लगानी गर्नुस् । सहजिकरणका लागि सरकार प्रतिबद्ध छ।"

सरकारले नीतिगत रुपमा व्यवस्था गरी हरित ऊर्जालाई प्रोत्साहन गर्ने भन्दै उहाँले अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउँदै सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य रहेको उल्लेख गर्नुभयो । विश्व बैंक र एसियाली विकास बैंकले पनि नेपालको ठूला जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएको भन्दै उहाँले विदेशी लगानी आकर्षण गर्न सरकारले लगानीमैत्री वातावरण बनाउनेमा विश्वास दिलाउनुभयो।

उहाँले पछिल्लो समय नेपालको जलविद्युत क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुँदै गएको बताउनुभयो। सरकारले विद्युत् उत्पादन, साना उद्योग तथा कृषिमा प्रमुख प्राथमिकतामा राखेर नीतिगत व्यवस्था गरिहरको अर्थमन्त्रीको भनाइ छ।



सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर महप्रसाद अधिकारीले विभिन्न चुनौतीकाबीच मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा रहेको र यसलाई थप गतिशिल बनाउन जरुरी भएको उल्लेख गर्नुभयो। उहाँले आर्थिक वृद्धिमा प्रत्यक्ष योगदान पु¥याउने क्षेत्रमा बैंकिङ क्षेत्रका स्रोतसाधनलाई पूर्णरुपमा पुनर्संरचना गर्ने बेला आएको भन्दै दिगो आर्थिक वृद्धि ासिल गर्न जरुरी रहेको बताउनुभयो।

गभर्नर अधिकारीले धेरैजसो विकसित अर्थतन्त्रमा मुद्रास्फीति मध्यम रहेको उल्लेख गर्नुहुँदै मुलुकको मुद्रास्फीति अझै पनि केन्द्रीय बैंकको लक्ष्यभन्दा माथि रहेको बताउनुभयो। उहाँले केही उदीयमान बजार र विकासशील अर्थतन्त्रहरूले अझै पनि उच्च मुद्रास्फीतिको सामना गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "मध्यपूर्वमा भर्खरै बढ्दो इजरायल-हमास युद्ध र लामो समयसम्म रुस-युक्रेन संकटले मूल्य स्थिरता कायम राख्न चुनौती खडा गरेको छ। फलस्वरूप, धेरै केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत कडाइ जारी राखेका छन् । जसले गर्दा लामो समयसम्म उच्च ब्याजदरको सामना गरेनुपरेको देखिन्छ ।" नेपाली बैंकले छोटो समयमा प्रगति गरेको भन्दै गभर्नर अधिकारीले डिजिटल बैंकिङ प्रणालीको विकास गर्नुपर्नेमा जोड दिनुभयो । एसियाली बैंकहरुले खराब कर्जा वृद्धि हुन नदिन सम्भावित जोखिमलाई आत्मसाथ गरेर व्यवस्थानलाई प्रभावकारी बनाउनुपर्ने खाँचो औंल्याउनुभयो।

गभर्नर अधिकारीले द्रुत प्राविधिक परिवर्तनले बैंकिङ प्रणालीमा धेरै फाइदा पुगेको र यसले बैंकिङलाई व्यवसायमा रूपान्तरण गरिरहेको भन्दै यसको दिगोपनाका लागि सहज रहनुपर्नेमा जोड दिनुभयो।

एसियन बैंकर सङ्घका अध्यक्ष युजेन एसभेडोले एसियन मुलुकको समग्र अर्थतन्त्रको दिगोपनाका लागि सहकार्यका साथ प्रभावकारी योजना कार्यक्रम अगाडि बढाउनुपर्ने खाँचो औंल्याउनुभयो। उहाँले एसियाली बैंकको आगामी रणनीतिबारे अवधारणा बनाउन सम्मेलनले मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल बैंकर सङ्घका अध्यक्ष सुनील केसीले नेपालमा पहिलो पटक आयोजना भएको एसियन मुलुकका बैंकका सिइओसहितको सम्मेलनले नेपाली बैंकिङ क्षेत्रलाई चुनौतिपूर्ण परिस्थितिबाट उठेर आगामी दिनमा कसरी प्रभावकारी भूमिका खेल्ने भन्नेबारे दीर्घकालीन रणनीति तय गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल बैंकर सङ्घ र एशियन बैंकर सङ्घको संयुक्त आयोजनामा भएको दुईदिने सम्मेलनमा सदस्य १८ देशका ६० भन्दा बढी बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिको सहभागिता छ। रासस

# कृषि क्षेत्रको व्यावसायीकरण गर्न माग

काठमाडौँ, २३ कात्तिक : अखिल नेपाल किसान महासङ्घले आगामी आवको नीति तथा कार्यक्रममा कृषिक्षेत्रको व्यावसायीकरण गरी निर्यात प्रबर्द्धन गर्न राष्ट्रिय योजना आयोगलाई सुझाएको छ । राष्ट्रिय योजना आयोगले १६औं योजनाका लागि प्रदेशगत रुपमा छलफल गर्न सुरु गरेपछि खाद्य तथा कृषि क्षेत्रको आयात प्रतिस्थापन गरी आत्मनिर्भर कृषि अर्थतन्त्रको विकासबाट बलियो राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न महासङ्घले आयोगलगायत सम्बन्धित पक्षलाई सुझाव दिएको हो।

सातै प्रदेशमा जाने योजना अनुरुप योजना आयोगले छुट्टाछुट्टै टोली बनाएर यही कात्तिक २० गतेदेखि सबै प्रदेशमा छलफल थालेको छ । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि तीनवटै तहका सरकारलाई जनताको खाद्य सम्प्रभूताको हक स्थापित गर्न कृषि उत्पादनका क्षेत्रमा प्राथमिकता दिन महासङ्घले माग गरेको हो । महाङ्घमा आवद्ध गठबन्धनमा नेपाल किसान सङ्घ, अखिल नेपाल किसान महासङ्घ नेकपा (एकीकृत समाजवादी) र नेकपा (मसाल) निकट अखिल नेपाल किसान महासङ्घ, तथा समाजवादी किसान महासङ्घ छन् ।


महासङ्घका अध्यक्ष बलराम बाँस्कोटाले कृषि क्षेत्रमा गरिने लगानीले उत्पादन वृद्धि हुने, किसानको आम्दानी तथा उनीहरुको खर्चगर्ने क्षमता विकास हुने, किसानले गर्ने खर्चले मुलुकको समग्र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो- "सरकारले विगतमा कृषि क्षेत्रमा मल, बीउबिजनको व्यवस्थापन गर्न सकेको छैन् । त्यो अनुभवबाट पाठ सिकेर समयमै त्यसको व्यवस्थापनका लागि गृहकार्य गर्नुपर्दछ ।सातै प्रदेशमा जाने योजना अनुरुप योजना आयोगले छुट्टाछुट्टै टोली बनाएर छलफलका लागि मधेश प्रदेशसहितका ठाउँमा छलफल जारी छ।

छ ल प ५ ल म ा प्रदेश सरकारका मुख्यमन्त्रीसहित स्थानीय तह र निजी क्षेत्रका प्रतिनिधिसमेत सहभागी छन्। प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रको समेत सुझाव सङ्कलन गरेर १६औं पञ्चवर्षीय योजना तयार पार्ने उद्देश्यले आयोगका सदस्य डा प्रभु बुढाथोकी, डा जयकान्त राउत, डा रामकुमार फुँयाल र डा अनिता शाह ढुङ्गानाको नेतृत्वमा छुट्टछुट्टै टोली परिचालन गरिएको छ। सरकारले देशभरका किसान सङ्घ/सङ्गठन, राष्ट्रिय किसान सञ्जाल तथा कृषि र भूमिसम्बन्धी नागरिक सङ्गठनको विरोध हुँदाहुँदै पनि ठूला कर्पोरेट घराना, विदेशी बहुर्राष्ट्रिय निगमलाई दिन भूमि बैंकको अवधारणा ल्याएकाले त्यसको खारेजी गर्न आग्रह गरेको महासङ्घले हालै ७३औं स्थापना दिवश समेत सम्पन्न गरेको छ ।किसानले आफ्नो भूमि अति सस्तोमा भाडामा लगाउनुपर्ने, भूमि बैंकले सार्वजनिक खरिद ऐन अनुसार बढाबढ मूल्यमा स्वदेशी तथा विदेशी पुँजीपतिलाई दिनुपर्ने, तिनले कागजपत्र मिलाएर स्थानीय तहबाट कृषि क्षेत्रमा दिइने अनुदानसमेत कब्जा गर्ने, विदेशबाट फर्केका युवाले स्वदेश फर्केर आफ्नै जमिनमा खेतीपाती गर्न वा जमिन बेचबिखन गर्न नपाउने गरी भूउपयोग ऐन २०७५ मार्फत ल्याएको भूमि बैंकजस्तो नवउदारवादी, किसानमारा र भूमिसुधार विरोधी व्यवस्थालाई अविलम्ब ऐन संशोधन गरी खारेज गर्न महासङ्घले जोड दिएको छ।

विदेशी लगानी भित्राउने र नेपाली कृषिलाई विदेशीको हातमा सुम्पने, प्रतिबन्धित अनुवंश परिवर्तित बिउ र खाद्यान्नलाई खुला गर्ने, नेपालमा कृषि भूमिको कित्ताकाट खुल्ला गरी खण्डीकरण गर्ने, देशका विभिन्न हदबन्दीभन्दा बढीको जग्गा गैरकानुनीरूपमा भूमाफियाहरूको कब्जामा पु¥याउनेलगायत कार्य यस क्षेत्रका विकासमा बाधक बनेको छ ।नेपाल मसाल निकट किसान सङ्गठनका नेता भैरव रेग्मी नेपाली कृषि र किसानको रक्षा गर्न कृषि भूमिको गैरकृषि क्षेत्रमा प्रयोगलाई प्रोत्साहन गर्ने, मलखाद आयातमा हुने भ्रष्टाचारलाई निरुत्साहित गर्न सरकारले आवश्यक नियमन तथा कडा कारबाहीको व्यवस्था गर्न सरकारलाई सुझाउनुभयो ।रासस

# सहकारीले बजार मूल्यभन्दा सस्तोमा सयपत्रीको माला बेच्दै

झापाागौरादहनगरपालिका-६स्थित महारानीझोडा साना किसान कृषि सहकारी संस्थामा सयपत्रीको माला खरिद गर्न आउनेको घुइँचो लागेको छ। बजार मूल्यभन्दा ३० प्रतिशत सस्तोमा माला बिक्री सुरु गरेपछि त्यहाँ स्थानीयवासीको घुइँचो लागेको हो।



बजारमा सयपत्री फूलको एउटा मालाको मूल्य रु एक सय भए पनि सहकारीले रु ७० मै बिक्री गरिरहेको छ। गौरादह, गौरीगञ्ज, कमल र दमकबाट पनि फूल खरिदका लागि ग्राहक आउने गरेको सहकारीकी अध्यक्ष मीना ढकालले बताउनुभयो।

बजार मूल्यभन्दा सस्तोमा बेच्दा स्थानीय उपभोक्तालाई लाभ पुग्ने र संस्थालाई पनि घाटा नहुने हुँदा सस्तो मूल्य निर्धारण गरिएको उहाँले बताउनुभयो । सहकारीले पाँचकठ्ठाजग्गामासयपत्रीफूलखेती गरेको थियो।

सहकारीले मुनाफाका लागि आउने बिचौलियालाई यसपाली तिहारमा फूल नबेच्ने र स्थानीय वरपरका पालिकाका उपभोक्तालाई सिधैं बिक्री गर्ने नीति लिएको थियो। उपभोक्ता महँगोमा नपरुन् भनेर बिचौलियालाई फूल नबेचेको अध्यक्ष ढकालको जिकिरथियो।भारतबाटतिहारका लागि आउने फूल निरुत्साहित गर्न सहकारीले फूलखेती गरेको र आफ्ना सदस्यलाई पनि सयपत्री फूलमा आत्मनिर्भर बन्न प्रोत्साहित गरिरहेको जनाएको छ।

"सहकारीले उपभोक्तालाई सहुलियत मूल्यमा फूल र यसबाट बनेको माला बेच्नुपर्छ भन्ने हाम्रो मान्यता हो," अध्यक्ष ढकालले भन्नुभयो-"त्यसैअनुसार हामीले बजारभन्दा सस्तो मूल्य निर्धारण गरेका छौँ।"

पहिलो पटक परीक्षणका लागि सयपत्री फूलको खेती गरे पनि अर्को वर्ष खेती विस्तार गरेर जिल्लाभर पुग्ने माला उत्पादन गर्ने सोच बनाएको उहाँको भनाइ थियो। संस्थाका प्राविधिक मनोज भट्टराईका अनुसार सहकारीले लक्ष्मीपूजा र भाइटिकाका लागि दुई सय मालाको फूल अग्रिम अर्डरसमेत लिइसकेको छ।

सहकारीको फूलबारीमा ठूला आकारका एकै दरका थुँगा सयपत्री फूलेका छन्। सहकारीले प्रति थुँगाको मूल्य रु दुई तोकेको छ। यहाँको सयपत्री फूलखेतीमा फोटो खिचाउनसमेत स्थानीय युवायुवती आउने गरेका छन्।

झापामा तिहार र छठ पर्वमा धेरै मात्रामा सयपत्री फूल खपत हुने गरेको छ। सयपत्री फूलको खेतीमा बजारको समस्या नमएको उहाँको भनाइ थियो।

यसैगरी मेचीनगर नगरपालिका-४ मा वडा कार्यालयले आफ्नै लगानीमा फूलखेती गरेको छ । आफ्नो वडामा बाहिरबाट फूल खरिद गर्नु नपर्ने वडाध्यक्ष अर्जुन कार्कीले बताउनुभयो ।रासस

# भूकम्प प्रभावितलाई वीरेन्द्रनगर नगरपालिकाले रु २६ लाख दिने

भेरीगङ्गा । सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले जाजरकोटका भूकम्पपीडितलाई राहतस्वरुप रु २६ लाख रकम सहयोग गर्ने भएको छ। कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर नगरपालिकाले रु २६ लाख रकम सहयोग गर्ने निर्णय गरेको हो।

मङ्गलबार बसेको नगर कार्यपालिकाको बैठकले १६ वटै वडाको वडा विपद् कोषबाट रु एक/एक लाख १६ लाख र नगरपालिकाकोतर्फबाट रु १० लाख गरी जम्मा २६ लाख सहयोग गर्ने निर्णय गरेको नगरप्रमुख मोहनमाया ढकालले जानकारी दिनुभयो।

नगरपालिकाले भूकम्पपीडित परिवारका बालबालिका वीरेन्द्रनगरको सामुदायिक विद्यालयमा अध्यनरत भएकालाई र नगरपालिकाभित्र अध्ययन गर्न चाहनेका लागि नगर शिक्षा विकास कोषमार्फत निःशुल्क अध्ययन व्यवस्थापन गर्ने भएको छ। दैलेखको डुङ्गेश्वर गाउँपालिकाले पनि भूकम्पपीडितलाई रु ५० हजार सहयोग गर्ने बताएको गाउँपालिका अध्यक्ष सुन्दर कुमार केसीले जानकारी दिनुभयो। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
## मोहीयानी हकदावी बारे १५ दिने सुचना

तपसिलको जग्गाको मोही रामरती कोइरीन र साविक ज.ध.केसिया कोइरीन एकासगोलको दिदिबहिनी नाताको रहेकोले मोही लगत कटटा गरी पाउ भनि ज.ध.तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा १५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले १५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन कमोजिम.भै जानेछ।

तपसिल

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| सन्झवा देवी | रौतहट | डुमरिया परोहा | ४ | २३३।८७५ | ०-०-१० | रामरती कोइरीन |

## श्री सैनिक आवसीय महाविद्यालय, बर्दिवास, महोत्तरी
## कार्यालय उपकरण खरदि सम्बन्धी विद्युतीय बोलपत्र (e-GP) आव्हानको सूचना

ठेक्का सूचना नं.: NAWF/SAMV/GOODS/BDS/2080/81/57

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/२४ गते)

१. आ.व.२०८०/८१ मा यस महाविद्यालयको लागि आवश्यक कार्यालय उपकरण खरदिको ठेक्का लिन ईच्छुक फर्म र संस्था वा कम्पनीहरुको लागि यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ।

बोलपत्रको विवरण

| सि. नं | पेश गर्नूपर्ने बोलपत्र जमानत अंक (ने.रु.) | बोलपत्र दस्तूर (ने.रु.) | मान्य हूने अवधी | वीड गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| १ | ७५,०००।- | ३,०००।- | १२० दिन | २०८०।०८।२४ गते १२०० बजे सम्म | २०८०।०८।२४ गते १३०० बजे सम्म |

२. खरिद सम्बन्धी थप जानकारीको लागि श्री सैनिक आवसीय महाविद्यालय, बर्दिवास, महोत्तरीको फोन नं: ९८५४०३००७० इमेलः armyschool-bardibas@nepalarmy.mil.np मा सर्म्पक गर्न हुन।

३. e-GP Bidder हरुले e-GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ।

## मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा पर्सा जिल्ला पटेवा सुगौली गा.पा. वडा नं. २ बस्ने चेत बहादुर थापाकी छोरी रामवृक्ष चौधरीको पत्नी पार्वती देवी चौधरीले आफ्नो आमा देवीजी थापाको नाममा तपसिल बमोजिमको जग्गा दर्ता कायम रहेको र निज जग्गाधनी देवीजी थापाको आफ्नो कालगतिबाट मिति २०७३।०७।३० गते मृत्यु भएको र निजको शेषपछि हकखाने निजको एक मात्र पति चेत बहादुर थापाको मिति २०६६ मंसिर १० गते परलोक भैसकेको र सो पछि हक खाने कुनै छोरा नभइ एक मात्र छोरी पार्वती देवी चौधरी बाहेक अन्य कोही हकदार नभएकोले तपसिल बमोजिमको जग्गा आफ्नो नाउँमा एकलौटी नामसारी गरीपाउ भनि सोही व्यहोरा उल्लेख भएको कटहरिया नगरपालिका १ नं. वडा कार्यालय भसेढवाको च.नं. २००१ मिति २०८०।०१।२८ गतेको सिफारिस पत्र संलग्न गरिएको निवेदन प्राप्त भएकोमा निज मृतकको कुनै छोरा छ छैन ? अविवाहिता छोरीहरु छन की ? अन्य कुनै हकदार छ छैन ? निवेदकको नाउँमा एकलौटी नामसारी भै गए कसैको अंश हकमा असर पर्छ कि ? निवेदक पार्वती देवी चौधरी बाहेक अनय कोही हकदार भए हकदावी गर्न आउनुहोला भनि हकदार एवं सरोकारवालाहरुमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। निवेदक बाहेक अन्य हकदार भए वा अन्य अरु कोही कसैको हकदावी पुग्ने भएमा वा निवेदकको माग बमोजिम हुनु नपर्ने कुनै कारण भएमा आफुसंग भएका प्रमाण सहित स-प्रमाण यो सूचना प्रकाशित भएको ३५ दिनभित्र हकदावी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

| गाविस | वडा नं. | कि. नं. | क्षेत्रफल | दर्तावाल | मोहिको नाम |
|---|---|---|---|---|---|
| भसेढवा | ६क | २४२ | ०-३-१३ | देवीजी थापा<br>पति- चेत बहादुर थापा<br>ससुरा-दल बहादुर थापा क्षत्री<br>जि.रौ.भसेढवा वडा नं.६ | हुसेनी दास तत्मा |

## मधेश प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
जनकपुरधाम, नेपाल

## मनहरपुर (सहिद मार्ग)-वकचौरा-हासपुर-खरयानी-सिमरारी सडक (१६.३५ कि.मि.) आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको तयारी सम्बन्धी
## सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/०७/२३

मधेश प्रदेश अन्तर्गत धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका, हँसपुर नगरपालिका र सबैला नगरपालिकामा मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय द्वारा प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत विश्व बैंक (World Bank) को सहयोगमा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भौतिक पूर्वाधार विकास मन्त्रालय, जनकपुरधाम, नेपाल<br>फोन नं.: ०४१-५१०६६१<br>इमेलः mopid@p2.gov.np<br>वेवसाईटः http://mopid.madhesh.gov.np |
| प्रस्तावको व्यहोरा | मनहरपुर (सहिदमार्ग)-वकचौरा-हँसपुर-खरयानी-सिमरारी सडक (१६.३५ कि.मि.) चौडा तथा कालोपत्रे स्तरमा स्तरोन्नती भई स्थानीय स्तरमा सहज यातायातको सुविधा उपलब्ध हुनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका वडा नं. १७, हँसपुर नगरपालिका वडा नं. १,२,३,५,७ र सबैला नगरपालिका वडा नं. १० |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

| राय सुझावको लागि पत्राचार गर्ने ठेगाना | |
|---|---|
| प्रस्तावकः<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>जनकपुरधाम, नेपाल<br>फोन नं. ०४१-५१०६६१<br>इमेलः mopid@p2.gov.np | परामर्शदाताः<br>मल्टी टेक इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि.<br>का.म.पा.-१०, काठमाण्डौं, नेपाल<br>फोन नं. ०१-४७९०८११<br>इमेलः multitech2052@gmail.com |

# प्रदेशसभा सदस्य सिंह धरौटीमा रिहा



**टुडे समाचारदाता**

राजविराज । कर्तव्य ज्यान तथा डाँका मुद्दामा पुर्पक्षका लागि राजविराज कारागारमा रहेका मधेश प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह यादव बिहीबार अदालतको आदेशले धरौटीमा रिहा भएका छन् ।

तीन घण्टा लामो थुनछेक बहसपछि उच्च अदालत जनकपुर-राजविराज इजलासका न्यायाधीशद्वय मुनेन्द्र प्रसाद अवस्थी तथा पूर्णप्रसाद राजवंशीको संयुक्त इजलासले जारी गरेको आदेशानुसार सिंह धरौटीमा रिहा भएका छन् ।

२०६४ साल असार ९ गते माओवादी नेता गोविन्द चौधरीको हत्या घटनामा संलग्न रहेको अभियोगमा भदौ १९ गते राजविराजबाट पक्राउ परेका प्रदेशसभा सदस्य यादवलाई सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान गरिएको थियो । जिल्ला अदालतले गरेको आदेशविरुद्ध उनी उच्च अदालत जनकपुर-राजविराज इजलास पुगेका थिए ।

सप्तरीको प्रदेशसभा क्षेत्र नं. ४ को २ बाट स्वतन्त्र उम्मेदवार बनी निर्वाचित भएका यादवसहित ९ जना उक्त मुद्दामा आरोपित थिए ।

आरोपितमध्ये ८ जनाको फैसला भए पनि उनीमाथिको यो मुद्दा मुलतबिमा थियो । त्यति बेलाको आदेशमा यादवलाई पक्राउ गरी मुलतबिमा राखी अनुसन्धान गर्न उल्लेख गरिएको थियो ।

यसअघि सप्तरी जिल्ला अदालतका न्यायाधीश दुर्गाप्रसाद ढुंगेलको इजलासले यादवलाई २०७१ चैत ११ गते ४ वर्षको कैद सजाय हुने फैसला गरेको थियो ।

मृतकका दिदी धनगढी गाविस ३ की रीताकुमारी चौधरीले जिल्ला प्रहरी कार्यालय सप्तरीमा २०६४ असार १४ गते सिंहसहित नौ जनामाथि किटानी उजुरी दिएकी थिइन् ।

# परियोजनाहरूको स्थलगत निरीक्षण



**टुडे समाचारदाता**

राजविराज । संघीय संसद्का पूर्वाधार विकास संसदीय समिति अन्तर्गत गठित संसदीय उपसमितिद्वारा सप्तरीमा सञ्चालित विकासीय परियोजनाहरूको स्थलगत निरीक्षण गरिएको छ ।

उपसमितिका संयोजक डा. चन्द्रकान्त राउतको नेतृत्वमा बिहीबार सप्तरीको राजविराजस्थित निर्माणाधीन बसपार्क, राजविराज हटिया, गजेन्द्र नारायण सिंह अस्पतालको निर्माणाधीन भवन , हुलाकी सडकलगायतको योजनाको अनुगमन गरी कार्यप्रगतिबारे जानकारी लिइएको छ ।

२०७७/९/२७ मा काम सम्पन्न गरेर राजविराज नगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने हटियाको तीन पटक म्याद थप्दा पनि हालसम्म कार्य सम्पन्न हुन सकेको छैन् ।

निरीक्षणको क्रममा सप्तरी क्षेत्र-२ मै रहेका जिल्लाका अधिकांश ठूलठूला योजनाहरूको अवस्था यस्तै रहेको प्रतिनिधिसभा सदस्यसमेत रहेका कार्यदलका संयोजक डा.राउतले बताए । निरीक्षणको क्रममा जिल्लामा गौरवका योजनाहरू यसरी लथालिङ्ग हुनुमा सरकार, योजना कार्यान्वयन गर्ने निकाय, ठेक्का कम्पनी, अनुगमनकारी निकायलगायत सम्पूर्ण पक्षको ठूलो बेवास्ता रहेको राउतले बताए ।

करोडौंको ठूला योजनाहरूको काम हुने ठाउँमा योजनाको विस्तृत जानकारी बारे बोर्डसमेत नराखिएको समितिका पदाधिकारीहरुले बताएका छन् । संसद् समितिले सम्बन्धित ठेक्का कम्पनीहरूलाई लिखित पत्राचार गरिसकेको अवस्थामा पनि निरीक्षणमा आउँदा ठेक्का सञ्चालकहरूको उपस्थित नहुनु दुःखद रहेको राउतले बताए । उनले निरीक्षण पश्चात् योजनाहरूको कार्य प्रगति विवरणसँगै परियोजनामा देखिएका कारण, त्रुटिहरू लिखितरुपमा समितिमा पेश गर्ने जानकारी दिए ।

३५ वर्षअघि शिलान्यास हुँदा पनि निर्माण सम्पन्न हुन नसकेको राजविराजको बसपार्क, सात वर्षदेखि निर्माणाधीन रहेका राजविराज हटिया, दशकौ बितिसक्दा पनि निर्माण सम्पन्न हुन नसकेका हुलाकी राजमार्गलगायत जिल्लाका गौरवका योजनाहरू लथालिङ्ग भइरहँदा सरकारले कार्यप्रगति विवरण, समयमा निर्माण सम्पन्न हुन नसक्नुको कारणहरू बारे बुझ्न कार्यदल खटाइएको प्रतिनिधिसभा सदस्यसमेत रहेका कार्यदलका सदस्य दिनेशकुमार यादवले बताए ।

समितिको कार्यदलको टोलीमा निशा डाँगी, दिनेश यादव, विना लामा, सुशीला श्रेष्ठ तथा मन्त्रालयको शाखा अधिकृत लक्ष्मी देवी भण्डारी रहेका छन् ।

# राजस्व संकलनमा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक मन्दीको प्रभाव राजस्व संकलनमा पनि देखिन थालेको छ ।

आर्थिक मन्दीको कारण महोत्तरीको जलेश्वर भन्सार भिठामोडले चालु आर्थिक वर्ष २०८०/८१ मा तीन महिनामा लक्ष्यभन्दा ४ करोड ४० लाख २ सय २३ रुपैयाँ कम राजस्व संकलन गरेको छ ।

आ.ब. २०८०/८१ को तीन महिनामा भन्सार विभागले सो कार्यालयलाई ८६ करोड २६ लाख ५८ हजार १ सय ६७ रुपैयाँ लक्ष्य दिएकोमा ९६.७५ प्रतिशत अर्थात् ८१ करोड ६१ लाख ५७ हजार ५ सय ४४ रुपैयाँ मात्र राजस्व संकलन गर्न सफल भएको छ ।

संघीय सरकारको भन्सार विभागले सो कार्यालयलाई चालु आर्थिक वर्षमा ३ अर्ब ७६ करोड २३ लाख ६२ हजार ९ सय ८७ रुपैयाँ राजस्व उठाउन लक्ष्य दिएको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले बताए । राजस्व संकलनको विद्यमान अवस्थाले चालु आर्थिक वर्षमा पनि लक्ष्य अनुसारको राजस्व संकलन गर्न कठिनाई हुने सम्भावना देखिएको उनले बताए ।




चालु आ.ब.को साउन, भदौ र असोजमा ८६ करोड, २६ लाख ५८ हजार १ सय ६७ रुपैयाँ राजस्व उठाउन लक्ष्य पाएकोमा ७६.८६ प्रतिशत अर्थात २३ करोड, ६७ लाख ३८ हजार, ९ सय ३१ रुपैयाँ राजस्व उठाएको छ ।

त्यसैगरि अघिल्लो आर्थिक वर्ष २०७९/०८० को तीन महिनामा ७८ करोड, ३५ लाख ५३ हजार रुपैयाँ राजस्व उठाउन लक्ष्य पाएकोमा कार्यालयले सोही अवधिमा ७२ करोड, ४५ लाख, ८१ हजार ८ सय ७६ रुपैयाँ उठाएको थियो । जुन तीन महिनाको राजस्व उठाउन लक्ष्यको तुलनामा ४ करोड ४० लाख २ सय २३ रुपैयाँ कम राजस्व संकलन गरेको छ ।


चालु आर्थिक वर्षको तीन महिनामा उठाउनुपर्ने राजस्वको लक्ष्य तोकेको भएपनि आयात निर्यात व्यापार प्रभावित भएसँगै भन्सार कार्यालयको राजस्व असुलीमा गिरावट आएको उनले बताए ।

उठेको कुल राजस्वमध्ये पेट्रोलियम पदार्थको आयातमा गिरावट आएकोले राजस्वमा कमी आएको जनाइएको छ । गत आर्थिक वर्षमा पनि कार्यालयले लक्ष्य अनुसारको राजस्व संकलन गर्न सकेको थिएन ।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढाउने सरकारको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले बारास्थित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया अघि बढाउने भएको छ । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले निजगढ विमानस्थल निर्माण अघि बढाउने निर्णय गरेको सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन् ।



'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढाउने निर्णय भएको छ,' उनले भनिन्,'निजगढ अन्तर ाष्ट्रिय विमानस्थलको निर्माणका सम्बन्धमा सुझाव दिन गठित विज्ञ समूहको प्रतिवेदन कार्यान्वयनका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको हो ।'




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८